पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ३० | २०७० फागुन ९ गते शुक्रबार (Feb. 21, 2014) | मूल्य रू. १०/-

## कांग्रेस-एमाओवादीबीच गठबन्धन ?

काठमाडौं । कांग्रेस एमालेबीच गृह मन्त्रालयबीच देखिएको विवाद समाधान नभए सत्ता साझेदार फेर्न प्रधानमन्त्री सुशील कोइरालामाथि कांग्रेसभित्रैबाट दबाब परेको छ । नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले सहमति नै नभएको गृह मन्त्रालयका बारेमा सहमति भयो भनेर विवाद निकाल्ने एमालेलाई कुनै हालतमा पनि गृह मन्त्रालय दिन नहुने बरू सत्ता समीकरणकै फेरबदल गर्नुपर्ने बताउँदै आएका छन् । अर्कोतर्फ वरिष्ठ नेता शेरबहादुर देउवा पनि संविधान जारी नभएसम्म एमाओवादीलाई साथ लिएर अघि बढ्नुपर्ने पक्षमा उभिएका छन् ।

कांग्रेसभित्र अहिले संविधानसभा र शान्ति प्रक्रियाको मुख्य स्टेकहोल्डर एमाओवादीलाई बाइपास गरेर अघि बढ्नु नहुने भन्दै (बाँकी अन्तिम पेजमा)

# प्रचण्ड र वैद्य एकीकरणको नजिक

काठमाडौं । दिल्लीको रामलीला मैदानमा प्रचण्ड र जनयुद्धको नाममा जनयुद्धको विकल्प छैन भन्ने मोहन वैद्य एकीकृत हुने अभियान टाढा छैन भन्ने विश्लेषण भइरहेको बेलामा प्रचण्ड र वैद्यबीचको एक दोस्रोप्रतिको ब्यांग्यवाणको हानाहान निस्तेज हुन पुगेको छ । प्रचण्डले पार्टी टुक्रिँदा चुनाव हारियो भन्ने यथार्थ आत्मसाथ गरिसकेका छन् भने वैद्यले प्रचण्ड बिग्रँदा पार्टी टुक्रिएको निष्कर्ष





निकालिसकेका छन् । उनले भनेका छन्, एमाओवादी सुधारिएर आउँछ भने एकीकरण हुनसक्छ । प्रचण्ड विरूद्ध बन्दूक उठाउँछु भन्ने नेत्रविक्रम चन्द, देव गुरूङ, सिपी गजुरेलहरू 'देख्यौं' भनेर एमाओवादीलाई एकीकरणको शक्तिमा विश्वास राख्न लालायित पारिरहेका छन् । यता रामबहादुर थापा भने दृश्यमा छैनन् । उनी भित्रभित्रै एमाअेवादी नेतृत्वलाई सुधारिएर आउने वातावरण निर्माण गर्न सक्रिय रहेको स्रोतले बताएको छ ।

फागुन ५ गते प्रचण्डले सुशील कोइराला र झलनाथ खनालालाई भेटे, सर्वदलीय बैठकमा प्रष्ट धारणा राखे, संविधानसभामा सभाध्यक्ष एमाओवादीले पाउनु पर्छ । शक्ति सन्तुलनको हिसाबले पनि यसै हुनुपर्छ अन्यथा संविधान निर्माण गर्दा बाधा उत्पन्न हुनेछ । एमाले सुवास नेम्वाङबाट टसमस (बाँकी अन्तिम पेजमा)

## सबैलाई नचाए करण सिंहले



काठमाडौं । 'स्मरणीय महिला'को पुस्तक स्मरण गर्न आएका भारतीय नेता करण सिंहले पूर्वराजालाई हिन्दू राष्ट्र भए पुग्छ भन्न लगाए । प्रचण्ड, प्रधानमन्त्री सुशील कोइराला, राष्ट्रपति डा.रामवरण यादव, राप्रपा अध्यक्ष सूर्यबहादुर थापालाई भेट दिएर लोकतन्त्र, शान्ति र संविधानको पाठ पढाए । पशुपति शम्शेर जबराका फुपाजु कश्मिरका राजा हरि सिंहका छोरा हुन्, करण सिंह । जो इन्दिरा गान्धिका राजदूत (अमेरिका) बनेका थिए । अहिले सोनिया गान्धिका विदेश नीति निर्माता (नोकर)का रूपमा (बाँकी अन्तिम पेजमा)

# मधेसी दलको एकीकरण भ्यागुताको धार्नी

अभियान संवाददाता

काठमाडौं । संविधानसभाको दोस्रो निर्वाचनमा नराम्रोसँग पराजित भएका मधेसवादी दलहरूले एकीकरणको प्रयास गरे पनि उनीहरूबीचको विवादले गर्दा एकीकरण ढिलाइ भएको छ । तीन पार्टी एकीकरण गरी संविधानसभामा चौथो ठूलो पार्टी बन्ने धुनमा लागेका तराईमधेस लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम नेपाल र सद्भावना पार्टीले एकीकरणको प्रयास थालेका छन् । अहिले तमलोपाका ११ जना सभासद् रहेका छन् भने फोरम नेपालका १० र सद्भावना पार्टीका ६ जना सभासद् रहेका छन् । यी तीन पार्टी एकीकरण भएमा उनीहरूको संविधानसभा/व्यवस्थापिका संसदमा २७ सभासद् पुग्ने र संविधानसभा/व्यवस्थापिका संसद्को चौथो ठूलो पार्टी बन्ने छ । अहिले







संविधानसभा/व्यवस्थापिका संसदमा राप्रपा नेपाल चौथो ठूलो पार्टी छ उसका २४ सभासद् रहेका छन् ।

तमलोपा अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा पार्टी एकीकरण गर्ने प्रयासमा रहेका यी मधेसवादी दलहरूमा दोस्रो मर्यादा क्रममा को रहने भन्ने विवाद सिर्जना भएको छ । फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले एकीकरण गर्ने प्रयास भएको स्वीकार गर्दै हालसम्म कुनै उपलब्धि हुन नसकेको बताएका छन् । हाले बसेको तीन पार्टीको संयुक्त बैठकले एकीकृत पार्टीको नाम, झण्डा र चुनाव चिन्हका बारेमा छलफल भए पनि (बाँकी अन्तिम पेजमा)

## वन सचिव जोशी कमाउ धन्दामा

अभियान संवाददाता

काठमाडौं । विदेशमा स्थायी बसोबास गर्ने गरी विदेशी नागरिकता लिएको आरोप लागेका वन तथा भूसंरक्षण मन्त्रालयका सचिव डा. गणेश जोशीले २४ (घ) अन्तर्गत बढुवा भएका उपसचिव विष्णुबहादुर भण्डारीलाई सरूवा नगरी राम्रो कमाइ हुने ठाउँ रौतहटमै भू तथा संरक्षण विभाग अन्तर्गतको रौतहट कार्यालयमा राखेका छन् । सरकारी नियम अनुसार २४ (घ) अन्तर्गत बढुवा भएका कर्मचारीहरू २४ (घ) अन्तर्गतकै खाली ठाउँमा पदस्थापन हुनुपर्ने नियम भए पनि विभागका महानिर्देशक पेमनाथ कँडेलको मिलेमतोमा

भण्डारीलाई सरूवा गरिएको छैन । निज कँडेल मुख्य सचिव लिलामणि पौडेलकै जिल्लाका भएको हुनाले मुख्य



सचिवको शक्तिका आडमा कँडेलले भण्डारीलाई सरूवा नगरेको भूसंरक्षण मन्त्रालय सूत्रले दाबी गरेको छ ।

सूत्रका अनुसार वन तथा भूसंरक्षण (बाँकी अन्तिम पेजमा)

## बोक्सी भन्नेलाई अब १० वर्ष कैद

काठमाडौं । महिलालाई बोक्सी भन्नेलाई अब १० वर्षसम्म कैद हुने भएको छ । महिलालाई बोक्सीको आरोप लगाई कुटपिट र यातना दिनेलाई १० वर्षसम्मको कैदको सजाय हुने व्यवस्थासहितको विधेयक तयार भएको छ । महिला तथा बालबालिका मन्त्रालयले अन्तिम रूप दिएको मस्यौदा विधेयकमा महिलालाई बोक्सीको आरोप लगाउने पहिलो व्यक्ति (धामी, झाँक्री लगायत) लाई सात वर्षसम्म कैद हुने व्यवस्था विधेयकमा गरिएको र उजुरी दिने म्यादलाई ३५ दिनबाट बढाएर ९० दिनमा पुऱ्याइने प्रस्ताव विधेयकमा गरिएको छ ।

यसभन्दा पहिलो बोक्सी सम्बन्धी मुद्दा सार्वजनिक मुद्दाका रूपमा जिल्ला प्रशासन कार्यालयले हेर्दै आएकोमा अब प्रहरी प्रशासनले अनुसन्धान गर्ने र सरकारी वकिल मार्फत मुद्दा अदालतमा जाने व्यवस्था विधेयकमा गरिएको छ । मुलुकी ऐन अदलको व्यवस्था अनुसार आरोपमा पीडा दिने व्यक्तिलाई दुई वर्षसम्मको कैद सजाय हुने व्यवस्था गरिएको र यस्तो मुद्दा सरकारवादी हुने उल्लेख छ । (बाँकी अन्तिम पेजमा)

## बाघ मार्ने पनि महानिर्देशक

काठमाडौं । बन्यजन्तु चोरी शिकारी ग्याङ राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभागमा मेघबहादुर पाण्डेलाई महानिर्देशक बनाउन सफल भएपछि चितवानका बाघ-गैँडा बर्दिया निकुञ्जमा सार्ने अभियान तिब्र पारेको थियो । यो प्रक्रियाले बाघ-गैँडा बीचबाटै हराएको घटनालाई तैँचुप मैचुप पारेर दबाइएको छ । भन्नुको अर्थ माफियाले बाघ-गैँडा मारेर तस्करी बढाए, भाग शान्ति जय नेपाल गरे ।

नियोजित रूपमा महानिर्देशकमा पाण्डेलाई सरूवा गराएर विभागमा ल्याइएपछि बन्यजन्तु तस्करले शिकार गरेको सनसनी बनमन्त्रालयभित्र फैलिएको छ । तर सक्रिय भएको हल्ला पिटाइएको र भर्खरै वार्षिकोत्सव मनाएको अख्तियारले वन मन्त्रालयभित्रको बन्यजन्तुको शिकार अझै देखेको छैन । (बाँकी अन्तिम पेजमा)

# करण सिंह आए, करण सिंह गए



● शाश्वत शर्मा खतिवडा

खुराफाति भनेर चिनिने रमेशनाथ पाण्डे र उनका छोरा निश्चलनाथ पाण्डेको 'खास सक्रियता' मा नेपाल आएका भनेर बताइएका भारतको उपल्लो सदन राज्यसभाका सदस्य (कांग्रेस आई ) डा. करण सिंहको यसपटकको नेपाल भ्रमण अलि बढी नै चर्चित भयो । खास गरी (पूर्व) राजा ज्ञानेन्द्रसँगको भेटमा उनले नेपाल 'हिन्दू राष्ट्र' त हुनुपर्छ भनेर (पूर्व) राजालाई दिएको सल्लाह चर्चामा रह्यो । खास गरी गणतन्त्रवादी पत्रपत्रिका एवम् अनलाइनहरूमा आएको यो समाचारको आधिकारिकता चाहिँ छैन ।

किनभने एकातिर (पूर्व) राजा र डा. करण सिंहको मात्र गोप्य भेटघाट भएको हो भनेर भनिएको छ भने अर्कातिर डा. करण सिंहले 'त्यस्तो' (हिन्दू राष्ट्र हुनुपर्ने) सल्लाह दिए भनेर भनिएको छ । फेरि अर्को कुरा, आफ्नो उक्त भेटवार्ताबारे न त (पूर्व) राजाले 'मुख' खोलेका छन्, न त डा. करण सिंहले नै केही भनेका छन् । त उक्त 'सल्लाह' दिएको हो भनेर कसरी पत्याउने ? कसले सुन्यो- (पूर्व) राजा र डा. करण सिंहको वार्तालाप ? त, यसरी राजनीतिक सनसनी, खास गरी चुपचाप बसेका (पूर्व) राजाका बारेमा, फैलाएर मुलुकमा भइरहेको अस्थिरता, अन्यौलता र दिशाहीन गन्तव्यको जिम्मेवार अझै पनि (पूर्व) राजा र उनका यस्ता 'क्रियाकलाप' छन् भनेर आफूहरूलाइ चोख्याउन अझै यहाँका राजनीतिक दलहरूले आ-आफ्ना पक्षीय पत्रपत्रिका र टेलिभिजनहरूलाई प्रयोग गरिरहेको देखिन्छन् । यो त पछिल्लो उदाहरण मात्र हो । अब करण सिंह आए, अनि एउटा गोष्ठीमा भाग लिए, आफ्नो किताब विमोचन गराए, अनि फर्केर गए । उनले (पूर्व) राजा मात्र होइन, राष्ट्रपति, प्रधानमन्त्रीलगायत विभिन्न दलका नेताहरूलाई पनि भेटेका छन् । फेरि (पूर्व) राजासँग उनले भेट्नु स्वाभाविक पनि हो । नजिकको नाताको पारिवारिक भेटघाटलाई यसरी राजनीतिक रङ् दिनु किमार्थ पनि ठीक होइन ।

यदि करण सिंहले 'गर्न सक्ने' भए या उनको बलबुताकै कुरा थियो भने २०६५ सालमा गणतन्त्र आउँदैन थियो । (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# सभाध्यक्षज्यू भेदभावको नीति अवलम्बन नहोस्

*संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको तीन महिना दुई दिनपछि संविधानसभाले निर्वाचित नेतृत्व पाएको छ । पहिलो संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ संविधानसभाको अध्यक्षमा चुनिएका छन् । संविधानसभाले नै व्यवस्थापिका संसदको काम समेत गर्ने भएको हुनाले उनको दायित्व बढेको छ । नेम्वाङको पहिलो संविधानसभाको कार्यकाललाई हेर्ने हो भने उनले पहिलो संविधानसभामा पदीय दायित्व सफलतापूर्वक निभाउन सकेको देखिँदैन । नेम्वाङले पहिलो संविधानसभामा ठूला पार्टीका सभासद्हरुलाई र साना पार्टीका सभासद्हरुलाई भेदभाव गरेका थिए । तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेट पेश गर्न लाग्दा एमाओवादीका सभासद्हरुले बजेट रहेको ब्रिफकेस नै फोडिदिए, पाण्डेमाथि हातपात गर्दासमेत सभाध्यक्ष नेम्वाङ चुपचाप रमिते बनेर हेरिरहेका थिए भने राप्रपा नेपालका सभासद्हरुले आफ्ना मुद्दाहरुको सुनुवाई हुनुपर्ने माग गर्दै सभामुखको अघि रहेको रोष्ट्रममा पुग्दा उनीहरुलाई एक हप्ताका लागि निलम्बन नै गरिदिएका थिए । यो त एउटा सानो उदाहरण मात्र हो । नेम्वाङबाट यस्ता थुप्रै गल्ती र कमी कमजोरी पहिलो संविधानसभामा भएका थिए ।*

*दोस्रो संविधानसभाको चुनावमा नेम्वाङ नेकपा एमालेको तर्फबाट उम्मेदवार भएर चुनाव जितेर आएपछि फेरि उनैलाई सभाध्यक्ष बनाउने प्रस्ताव नेकपा एमालेले गरेको र नेपाली कांग्रेसका सभापति सुशील कोइरालालाई प्रधानमन्त्री बनाउन कांग्रेस-एमालेबीच भएको सात बुँदे सहमति अनुसार नेम्वाङलाई कांग्रेस लगायतका अन्य साना दलहरुको समर्थनमा नेम्वाङ बहुमतीय पद्धति अनुसार सभाध्यक्षमा चुनिएका हुन् । नेम्वाङ संविधानसभा/व्यवस्थापिका ससंद्का नेता समेत भएको हुनाले अब उनले हिजोका गल्ती र कमी कमजोरीहरु अहिलेको संविधानसभामा देखाउनु हुँदैन । सबै दलहरुलाई समान व्यवहार देखाएर सबै दलको विश्वास जित्ने खालको व्यवहार नेम्वाङले देखाउन सकेमात्र नेम्वाङको कार्यकाल सफल रहन सक्छ । हुन त त्यसैबेला पनि नेम्वाङलाई सूचना टाँस गरेर वैठक स्थगित गर्ने गरेको आरोप नलागेको होइन, त्यसैले उनलाई कसैले सूचने सभाध्यक्ष समेत भनेर चिन्ने गरेका छन् ।*

*संविधानसभाको पहिलो दायित्व र कर्तव्य भनेको संविधान निर्माण गर्नु नै हो । संविधानसभामा उपस्थित भएका सबै ३० दलले एक वर्षभित्रमा संविधान निर्माण गर्ने प्रतिवद्धता चुनावमा जनतासामु गरेका हुनाले त्यो प्रतिवद्धता पूरा गर्न दलहरुले एक अर्कोलाई आरोप लगाउनुको बदला सबै मिलेर अघि बढ्नै पर्दछ । दलहरुका आ-आफ्ना एजेन्डा र मुद्दाहरु स्वाभाविक भए पनि सबै दलका साझा एजेन्डा र मुद्दाहरुलाई एकै ठाउँमा राखेर भरिसक्य सहमतिकै आधारमा टुंगो लगाउने प्रयास गरिनुपर्दछ । यदि सहमति हुन नसकेको खण्डमा दुई तिहाई बहुमतको आधारमा गएर भए पनि संविधान निर्माणको कार्यलाई अघि बढाउनै पर्दछ । आजसम्म विश्वका कुनै पनि मुलुकमा सर्वसम्मत संविधान निर्माण हुन सकेको इतिहास छैन । सर्वसम्मत संविधान निर्माण गर्ने भनेर जनतालाई ढाँट्नु भन्दा प्रक्रियागत आधारमा अघि बढेर बहुमतीय पद्धति अनुसार नै संविधान निर्माण गर्दछौं भन्नु नै दलहरुको लागि हितकर हुन्छ । त्यो कार्यका लागि सभाध्यक्षको महत्वपूर्ण हात हुने भएको हुनाले विगतको अनुभवको आधारमा नेम्वाङले त्यो जिम्मेवारी पूरा गरेको खण्डमा मात्र उनी सभाध्यक्ष बनेको सार्थकता हुन्छ । महत्वपूर्ण पदमा रहेका व्यक्तिले पार्टीगत स्वार्थ हेरेर आफूलाई उम्मेदवार बनाएको पार्टीको आदेश स्वीकार गरी त्यसै अनुसार अघि बढ्ने प्रयास गरेमा सभाध्यक्षकै कारण संविधान निर्माण हुन सक्दैन । यदि पार्टीहरुले विवाद मिलाउन सकेनन् भने त्यस्तो विवाद मिलाउने जिम्मेवारी पनि सभाध्यक्षकै हो ।*

*पछिल्लो समयमा कांग्रेस-एमालेबीच गृह मन्त्रालयलाई लिएर विवाद बढेको छ । सुशील कोइराला नेतृत्वको सरकारले पूर्णता पाउन सकेको छैन । कांग्रेस एमाले दुवै दलका शीर्ष नेताहरुले पहिला भन्दै आएका थिए सत्ता लिप्साका लागि हामी मरिहत्ते गर्दैनौं तर अहिले उनीहरुको व्यवहार ठीक उल्टो देखिएको छ । कांग्रेसले गृहमन्त्रालय कुनै हालतमा पनि एमालेलाई दिन चाहेको छैन भने नेकपा एमालेले गृह मन्त्रालय नपाई सरकारमा सामेल नै नहुने उद्घोष गरिरहेको हुनाले यी दुवै दलले चुनावका बेला जनतासामु गरेका प्रतिवद्धताहरुको उल्लंघन गरेका छन् । पहिलो संविधानसभाले पनि सत्ता लिप्साको सास्ती भोग्नुपरेको थियो । त्यसबेला पनि सरकार बनाउने र भत्काउने खेलमा मात्र त्यसबेलाका ठूला दल र केही मधेसवादी दलहरु लागेका हुनाले संविधान निर्माण हुन नसकेको सत्य वास्तविकता हुँदाहुँदै पनि अहिले फेरि कांग्रेस-एमालेले त्यही पुरानै गल्ती दोहोऱ्याउनु भविष्यमा उनीहरुकै लागि घातक साबित हुनसक्छ ।*

*जनताले संविधान निर्माण गर्न पठाएका आ-आफ्ना प्रतिनिधिहरुलाई दिइएको जिम्मेवारी पूरा गर्ने अवसर प्रदान गरेका छन् । तर एउटा मन्त्रालयको विवादमा सरकारले पूर्णतासमेत पाउन नसकेको अवस्थामा के एक वर्षभित्रमा दलहरुले संविधान निर्माण गर्लान त ? सुशील कोइराला प्रधानमन्त्री भएको ११ दिन भइसक्दा पनि मन्त्रिपरिषद्लाई पूर्णता दिन सकिरहेका छैनन् । गृह मन्त्रालय विवादको घेरामा परेको हुनाले प्रधानमन्त्री कोइरालाले कांग्रेस एमाले बाहेकको अन्य साना पार्टीलाई गृह मन्त्रालयको जिम्मेवारी दिएर विवाद किन नमिलाउने ? यदि त्यसो भएमा सरकारले पूर्णता पाउने हामीले ठहर गरेका छौं ।*

# तिनै असफल व्यक्तिको नेतृत्वमा संविधान लेखिएला त ?

***देवेन्द्र चुडाल***

संविधानसभाको दोस्रो निर्वाचनपछि पनि तत्कालीन संविधानसभामा असफल भएका संविधानसभाका सभाध्यक्ष सुवास नेम्वाङले नै दोस्रो संविधानसभा हाँक्ने अवसर पाएका छन् । नेकपा एमालेका सभासद् रहेका नेम्वाङलाई नेकपा एमालेका संसदीय दलका नेता केपी ओलीको प्रस्ताव र नेपाली कांग्रेसका महामन्त्री एवम् सभासद् कृष्णप्रसाद सिटौलाको समर्थनमा संविधानसभाको सभाध्यक्षका लागि उम्मेद्वार बनाइएको थियो । संविधानसभामा तेस्रा ठूलो दल रहेको एमाओवादी गठवन्धनले आफ्नो तर्फबाट उम्मेदवार बनाउने उद्घोष गरेपनि अन्तिम समयमा उसले सहमतिको लागि उम्मेदवार खडा नगर्ने निर्णय गरेपछि नेम्वाङ मात्र एक्लो उम्मेदवार रहेका थिए । नेपाली कांग्रेसले सुशील कोइरालालाई प्रधानमन्त्री बनाउन नेकपा एमालेसँग गरेको सात बुँदे सहमतिमै नेकपा एमालेलाई सभाध्यक्षमा सघाउने सहमति भएअनुसार कांग्रेसले नेम्वाङलाई मतदान गर्न आफ्ना सभासद्हरूलाई ह्वीप नै जारी गरेको थियो । त्यसै कारण कांग्रेसका महामन्त्री सिटौलाले नेम्वाङलाई समर्थन गरेका थिए । नेम्वाङ मेची अञ्चलको इलामबाट संविधानसभामा उम्मेदवार बनेर चुनाव जितेका व्यक्ति हुन् भने उनलाई यस सभाध्यक्षमा प्रस्ताव गर्ने र समर्थन गर्ने दुवै मेची अञ्चलकै झापा जिल्लाबाट संविधानसभाको चुनावमा पहिलोपटक जितेर संविधानसभामा आएका व्यक्ति हुन् । उनीहरू दुवै पहिलो संविधानसभाको चुनावमा पराजित भएका थिए । अहिले संयोग नै मान्नु पर्दछ एउटै अञ्चलका सभाध्यक्ष अनि पहिलो संविधानसभाको चुनावमा पराजित भएका आ-आफ्ना पार्टीका प्रभावशाली नेताहरू दोस्रो संविधानसभामा चुनाव जितेर आएका व्यक्तिहरू नै सभाध्यक्ष नेम्वाङको प्रस्तापक र समर्थक रहनु ।

दोस्रो संविधानसभाले सर्वसम्मत ढंगले मंगलबार नेम्वाङलाई संविधानसभा/व्यवस्थापिका संसदको नेतृत्व सुम्पदा पहिलो संविधानसभामा असफलताहरूको सबै दोष नेम्वाङलाई लगाइयो । त्यसको साक्षीको रूपमा पहिलो संविधानसभामा उपस्थित भएका र अहिलेको संविधानसभामा उपस्थित भएका सभासद्हरू रहको थिए । पहिलो संविधानसभा असफल हुनुको पछाडि नेम्वाङ जति दोषी छन् त्योभन्दा बढी दलहरू नै दोषी रहेका छन् । नेम्वाङले पहिलो संविधानसभामा सभाध्यक्षको भूमिका जसरी निभाउनु पर्दथ्यो त्यो नभएको सत्य हो । संसदमा सभाध्यक्ष नै नेता हुन् । संसदभित्र सरकारको कुनै भूमिका रहँदैन, त्यहाँको सम्पूर्ण जिम्मेवारी सभाध्यक्षकै हातमा रहन्छ । तत्कालीन अवस्थामा सभाध्यक्ष नेम्वाङले दलहरूको आकार अनुसारको भूमिका खेलेका थिए । त्यसको प्रत्यक्ष प्रमाण हो तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले व्यवस्थापिका संसदको वैठकमा बजेट पेश गर्न लाग्दा एमाओवादीका सभासद्हरूले अर्थमन्त्री पाण्डेले बोकेको ब्रिफकेस नै खोसेर फोडिदिँदै अर्थमन्त्री पाण्डेलाई हातपात गर्दासमेत सभाध्यक्षको कुर्सीमा रहेका नेम्वाङ टुलुटुलु हेरेर बसेका थिए । उनले त्यसबेला मर्यादा पालकहरूलाई कुनै आदेश नदिएको हुनाले तत्कालीन अर्थमन्त्री पाण्डेले कुटाइसमेत खाएका थिए । त्यसै गरी साना दलका सभासद्हरूको विचारलाई सभाध्यक्ष नेम्वाङले अवमूल्यान गर्दै उनले ठूला दलको आदेशमा मात्र संसद चलाइरहेको आभास त्यसैबेला पाइएको थियो । राप्रपा नेपालका सभासद्हरूले संसद् अवरूद्ध गरेको भन्दै उसको सभासद्हरूलाई एक हप्ताको लागि निलम्बन समेत गरिएको थियो तर मन्त्री कुट्ने दलका सभासद्हरूलाई नेम्वाङले केही गरेनन् । त्यसै कारण नेम्वाङलाई ठूला दलको मात्र सभाध्यक्ष भनी त्यसैबेला भनिएको थियो ।

मंगलबार संविधानसभाको सभाध्यक्ष चुनिएका नेम्वाङलाई सभाध्यक्ष चुन्ने बेलैमा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले कडा शब्दमा पहिलो संविधानसभाका असफल सुवास नेम्वाङलाई कांग्रेस एमालेले गणितीय हिसाबले सभाध्यक्षको उम्मेदवार बनाएको भन्दै नेम्वाङको नेतृत्वमा एक वर्षभित्रमा संविधान निर्माण हुनेमा आशंका समेत जनाएका थिए । एमाओवादीका अध्यक्ष दाहालबाट सुरू भएको नेम्वाङमाथिको दोषारोपण अन्य दलका नेताहरूलेसमेत गरेका थिए । राप्रपा नेपालका अध्यक्ष एवम् संसदीय दलका नेता कमल थापाले त ट्वीटरमा लेखिएको सन्देश भन्दै सन्देश नै वैठकमा सुनाएका थिए । सन्देश सुनाउँदै अध्यक्ष थापाले भने सुवास नेम्वाङ यस्ता शिक्षक हुन् उनको कक्षामा विद्यार्थीहरू मज्जाले सुत्न पाउँछन्, पछाडिको सिटमा बसेर गीत गाउन र केटीलाई चकले हान्न पाउँछन् भन्दै पहिलो संविधानसभाको सफलतापूर्वक नेतृत्व गर्न नसकेको कटाक्ष गर्दा नेम्वाङको अनुहार हेर्न लायक भएको हुनाले अब उनले सबै दल र सभासद्हरूलाई समान व्यवहार गर्ने प्रयास गर्नेछन् कि भन्ने विश्वास गर्न सकिन्छ ? पहिलो संविधानसभामा नेम्वाङले साँच्चिकै सफलतापूर्वक नेतृत्व दिन नसकेकै भए पनि त्यसमा उनलाई मात्र दोष लगाउनु नेम्वाङमाथि ज्यादा अन्याय नै हुन्छ । तत्कालीन चार ठूला दल एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चाले चार दलीय सिन्डिकेट बनाएर संसदभन्दा बाहिर कुनै अँध्यारो कोठामा बसेर महत्वपूर्ण निर्णयहरू गर्ने अनि त्यही निर्णयलाई संविधानसभामा/व्यवस्थापिका संसदको वैठकमा प्रवेश गराएर पारित गर्ने परम्पराको थालनी गरेका हुनाले पहिलो संविधानसभा असफल हुनुमा तत्कालीन चार दलका शीर्ष नेताहरू र सभाध्यक्ष नेम्वाङ उत्तिकै दोषी रहेका छन् । अहिले तिनै चार दलका शीर्ष नेताहरूले नेम्वाङलाई मात्र दोष लगाएर आफूहरू पानीमाथिको ओभानो बन्ने प्रयास गर्नु गैरराजनीतिक चरित्र बाहेक अन्य केही हुन सक्दैन । सुवास नेम्वाङलाई त्यसबेला सुचने भनेर केही पत्रपत्रिकाहरूले भन्ने गरेका थिए । संसदको वैठक बोलाउने अधिकार नेम्वाङकै भए पनि उनले सूचना टाँस गरेर संसदको वैठक स्थगित भएको जानकारी गराउने गरेकाले उनलाई सुचने भन्ने गरिएको थियो । हामी आशा एवम् विश्वास गरौं, अब त्यसो नहोस् ।

तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ०६९ जेष्ठ १४ गते मध्यरातमा आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर संविधानसभाको हत्या गराएका थिए । त्यसमा पनि नेम्वाङ दोषी देखिएका छन् । संविधानसभाको अन्तिम दिन नेम्वाङले संविधानसभाको वैठक बोलाएको भए त्यसबेला मुलुकले निकास पाउन सक्थ्यो तर उनले वैठकसम्म बोलाउने हिम्मत गरेनन्, आखिर किन ? त्यस दिन प्रधानमन्त्री निवास बालुवाटारमा भएको चार दलीय वैठकमा संविधानसभाको वैठक बोलाउने निर्णयअनुसार नेता र सभासद्हरू वैठकस्थल पुग्न नपाउँदै अर्को दलीय वैठक सभाध्यक्षको कार्यालय सिंहदरबारमा बस्ने खबर गरियो । त्यो खबर कसले र किन गऱ्यो भन्ने जानकारी समेत तत्कालीन सभासद्हरूले पाउन सकेनन् । त्यसको सम्पूर्ण जिम्मेवारी सभाध्यक्ष नेम्वाङले नै लिनुपर्दछ । दलहरूले सहमति गर्न नसकेको खण्डमा उनीहरूलाई सहमतिमा ल्याउने प्रयास गर्नु सभाध्यक्षको नाताले उनको पनि कर्तव्य र दायित्व भए पनि उनले कहिल्यै त्यस्तो प्रयास नगर्नुले पहिलो संविधानसभामा नेतृत्व दिन असफल भएका व्यक्तिबाट सही रूपमा नेतृत्व प्रदान हुन्छ भन्ने आधार के ? एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले त संविधानसभाको वैठकमै पहिलो संविधानसभाको विघटन गराउने व्यक्ति नेम्वाङ हुन् भन्ने आरोपसमेत लगाइसकेका छन् । तर दलहरूले उनलाई जतिसुकै आरोप लगाए पनि सबै दलको समर्थनमा संविधानसभा/व्यवस्थापिका संसदको नेतृत्व लिन भने नेम्वाङ सफल भएका छन् ।

नेम्वाङका प्रस्तापक र समर्थकले जतिसुकै प्रसंशा गरे पनि एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र राप्रपा नेपालका अध्यक्ष कमल थापाले दिएका अभिव्यक्तिबाट सभाध्यक्ष नेम्वाङ मलिन हुन पुगेका थिए । अध्यक्ष दाहालले २०६९ जेष्ठ १४ गते राति संविधानसभामा गएर त्यहीँ समस्याको समाधान खोजौ भन्ने अडान नेम्वाङले राखेका भए त्यसै बेला समस्याको समाधान हुन सक्ने थियो भन्दै उनले अडान राख्न नसकेकै हुनाले संविधानसभा विघटन भएको र अहिले तिनै व्यक्ति फेरि संविधानसभा/व्यवस्थापिका संसदको नेतृत्वमा पुगेका हुनाले एकवर्षभित्रमा संविधान निर्माण हुन सक्नेमा आशंका जनाएका थिए । अध्यक्ष दाहाले नेम्वाङको क्षमता र नेतृत्वदायी भूमिकामाथि नै प्रश्न उठाएर दाहालले सभाध्यक्ष नेम्वाङलाई नेतृत्वदायी भूमिका दिन नसक्ने व्यक्तिको रूपमा चित्रण गरेका हुनाले अब सभाध्यक्ष नेम्वाङले विगतका गल्ती कमी कमजोरी सच्याउँदै अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको छ । संसद्भित्रको नेता सभाध्यक्ष र अध्यक्ष नै हुने भएको हुनाले उनले सबै दलका नेता र सभासद्हरूलाई समान व्यवहार गर्दै पार्टीगत स्वार्थभन्दा माथि उठ्नै पर्दछ । आफूलाई उम्मेदवार बनाउने पार्टीको पार्टीगत स्वार्थका लागि उनी अगाडि बढेको खण्डमा त्यसले कसैको हित गर्न सक्दैन । संसद्ले विश्वास गरेर सबै दलको सर्वसम्मत समर्थन पाएर सभाध्यक्ष बन्न सफल भएका नेम्वाङले अब आफ्नो क्षमता र वुद्धिमतापूर्ण व्यवहार देखाउनु पर्दछ । उनले भन्न सक्नै पर्दछ, सबै समस्याको समाधान गर्ने थलो संसद् नै भएको हुनाले अब कुनै दलले वा केही पार्टीहरूले मात्र कुनै अँध्यारो कोठामा बसेर गरेका निर्णयहरूलाई संविधानसभा र व्यवस्थापिका संसद्ले स्वीकार गर्न सक्दैन । सबै समस्याको निकास दिने थलो संसद नै भएको हुनाले यहीँबाट सबै समस्याहरूको समाधान खोज्न दलहरूलाई उनले निर्देशन दिनै पर्दछ ।

हिजोको संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व जबर्जस्ती अहिलेको संविधानसभाले लिनुपर्दछ भन्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनता र सार्वभौमसत्ता सम्पन्न संसदको अपमान हो । हिजोको संविधानसभाले गरेका राम्रा निर्णयहरूलाई स्वीकार गर्नु आपत्ति नभए पनि हिजो चार दलीय सिन्डिकेटले जबर्जस्ती गरेका निर्णयहरू अहिलेको संविधानसभाले स्वीकार गरेको खण्डमा संसद नै सार्वभौम नभएको ठहरिन सक्छ । हिजोको संविधानसभाले के कारणले संविधान निर्माण गर्न सकेन । त्यसका अप्ठ्याराहरू के के हुन् । हिजोका विवादमा आएका विषयहरूलाई कसरी मिलाउने भन्ने विषयमा सबै दलको सर्वदलीय छलफल र बहस चलाएर मात्र निर्णयमा पुगेको खण्डमा त्यो सबै दललाई स्वीकार्य हुनसक्छ । बहुमतीय पद्धति अनुसार भन्दा पनि सहमतीय पद्धतिमै संविधान निर्माण गर्ने प्रयासमा सभाध्यक्षको प्रमुख हात रहनुपर्दछ । भरिसक्ये सहमतीय प्रणालीमा संविधान निर्माण गर्ने यदि दलहरूबीच सहमति हुन नसकेको खण्डमा मात्र बहुमतीय प्रणालीमा गएरै भए पनि एकवर्षभित्रमा संविधान निर्माण गरी जारी गर्न संविधानसभा सफल भएमा सभाध्यक्ष नेम्वाङमाथि लागेका सबै आरोपहरू स्वतः पखालिने प्रायनिश्चित छ तर नेम्वाङले अब पहिलाका गल्ती कमीकमजोरी सच्याउने हुन् कि पार्टीगत स्वार्थमा लागेर आरोपै आरोपको भारी बोक्ने हुन् त्यो समयले नै बताउँदै जाने छ । दलहरूबीच सबै विषयमा सहमति वा सर्वसम्मत हुन सक्ने सम्भावना ज्यादै न्यून भएका हुनाले कतिपय मुद्दाहरूमा जनमत संग्रहको माध्यममा गएर भए पनि मुद्दाहरूलाई टुंग्याउनु उचित विकल्प हुनसक्छ । पहिलो संविधानसभा र अन्तरिम संविधानले जबर्जस्ती लादेका विषयहरूका बारेमा समेत अहिलेको संविधानसभाले त्यस्ता मुद्दाहरू उठाएको खण्डमा त्यस्ता मुद्दाहरूलाई जनमत संग्रहबाटै टुंग्याउनु देश र जनताको हितमा हुनेछ ।

*devendrachudal@gmail.com*

# अति भयो सहमतिको स्वाङ



राजन कार्की

अझै नेताहरू जनतालाई मूर्ख ठान्छन् र मूर्ख बनाउन भ्रम छरिरहेका छन् । जनप्रतिनिधिहरूवीच सहमतिको स्वाङ अहिले पनि जारी छ । एकर्काको खुट्टा तानेर र एकले अर्कोको सम्मान छिमोलेर सहमतिको बहार आउन सक्ला र ? पाण्डव हुँ भन्ने धुन्धुकारी चरित्र देखाउनु राष्ट्रको मुटु इमानको धरहरा हुनु हुँदै होइन । घार बालेर आगो ताप्ने देशभक्ति वर्तमान नेपालको दुर्भाग्य हो, ओखरपौवाको ल्याण्डफिल्ड र नेपाली राजनीतिमा भिन्नता कति छ र ? खुल जा सिम सिम भनेर सहमतीय संविधानको द्वार खुल्दैन, द्वार खोल्न पहिले नेताहरूले आफ्नो दिमागको उदारता प्रदर्शन गर्नुपर्छ । हाम्रा नेताहरूमा त्यस्तो उदारतापूर्ण संस्कार र संस्कृतिको सुरूआत भएको अनुभव कसैले गर्न सकेको छैन ।

०६४ सालको संविधानसभाको निर्वाचनमा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाललाई जनताले पत्याएनन्, काठमाडौं र रौतहट दुबै ठाउँबाट चुनाव हारे । तर कांग्रेस र एमाओवादीले माधव नेपालजस्ता खारिएका नेतालाई संविधानसभामा लानैपर्छ भन्ने ठाने र मनोनित गरेर संविधानसभामा भित्र्याए । चङ्ख माधवकुमार नेपालले प्रचण्डलाई यसरी विश्वास दिलाए कि प्रचण्डजस्ता क्रान्तिकारी नेता माधवकुमार नेपालमाथि विश्वास गर्न पुगे र प्रचण्डले चुनाव हारेका उनलाई प्रधानमन्त्री बनाउने निर्णायक भूमिका खेले । तिनै 'कठपुतली' माधवकुमार नेपाललाई पदबाट हटाउन प्रचण्डले आमहड्ताल गर्नुपर्‍यो, हिरोइन रेखा थापासँग सडकमै नाचेर नौटंकी देखाउनुपर्‍यो । माधव नेपाल बल्लतल्ल हटे, प्रचण्डले आफू प्रधानमन्त्री हुन नसकेपछि एमालेका अध्यक्ष झलनाथ खनाललाई प्रधानमन्त्री बनाइदिए । माधव नेपालकै भाषामा झलनाथ खनालको 'टाउको माओवादीतिर र शरीरमात्र एमालेतिर' रह्यो । झलनाथ हटेपछि बाबुराम भट्टराई प्रधानमन्त्री बने र १८ महिना १८ दिनको कार्यकालमा उनकै हातबाट पहिलो संविधानसभाको इतिश्री हुनगयो । सभाध्यक्ष थिए एमालेका नेता सुवास नेम्वाङ्, उनले संविधानसभा बिघटन हुनुअघि बैठकसम्म डाक्न सकेनन् । नेम्वाङ् नैतिक र व्यवहारिक दुबै रूपमा असफल सभाध्यक्ष हुन् ।

२०७० साल फागुन ५ गते दोस्रो संविधानसभाको सभाध्यक्ष चयन गर्ने दिन थियो । एमाओवादीका प्रचण्डले सत्तारूढ कांग्रेस र दोस्रो ठूलो दल एमालेका शीर्ष नेताको घरमा पुगेर र सर्वदलीय वैठकमा उभिएर आग्रह गरे- शक्ति सन्तुलनका हिसावले पनि सभाध्यक्ष एमाओवादीले पाउनुपर्छ । त्यसो नभए संविधान निर्माणमा बाधा उत्पन्न हुनसक्छ । मानेन, एमाले पटक्कै मानेन । एमालेले उनै असफल सुवास नेम्वाङलाई सभाध्यक्ष बनाउन अड्डी लियो र एमालेसँग ७ बुँदे सहमति गरेर विश्वासको मत लिएका प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति सुशील कोइराला र कांग्रेसले सहमतिको पालना गरे । सुवास नेम्वाङ् दोस्रो संविधानसभाको सभाध्यक्ष चुनिए । योघटनापछि प्रष्ट भएन- एमाले कतिसम्मको सत्तालोलुप र स्वार्थी रहेछ ? राष्ट्रिय सहमतिको आधार खडा हुनलाग्दा, त्यो सहमतिको प्रारम्भ विन्दुमै संसदीय दलका नेता ओलीको गोली लाग्यो । एमाओवादीलाई दपेट्ने यो एमाले कला भोलि संविधान निर्माणका बेलामा तिक्तताको पहिलो र ठूलो कारण बन्ने निश्चित छ । संविधान निर्माणका सम्बन्धमा जतिसुकै मिठास लेपन गरिएको भाषण गरे पनि एमाले गुनिलो र राष्ट्रिय स्वार्थ भएको पार्टी साबित हुनसकेन । ६ महिनामा संविधानको खाका तैयार गरेर एक वर्षमा संविधान जारी गर्ने प्रधानमन्त्री सुशील कोइरालाको जपना सपनामै सिमित होलाजस्तो छ । सुशीललाई आफ्नो सादगी र स्वच्छ रहेको व्यक्तित्वले सरकार चलाउन, कोइराला परिवारवादको बिरासतको निरन्तरता जारी राख्न र उठाएको लोकतन्त्रको बिडालाई संस्थागत गर्न सफलता हासिल हुने लक्ष्यणहरू देखिएनन् । पहिलो गाँसमै अड्किएको 'गृह मन्त्रालय'को हड्डीले सुशीललाई इन्तु न चिन्तु पारिसकेको छ ।

सुशील कोइरालाका सामु संविधानसभा भित्र, सडकमा र आफ्नै पार्टीभित्रको असन्तोष र सरकार निर्माण र सञ्चालन गर्न एमालेले तेर्स्याएका तगारा र बाधाहरू अत्यन्त तिखालु र बिषालु प्रकृतिका छन् । यस्तो भाँडिएको एमाले तोक्मा टेकेर, शक्ति सन्तुलन मिलेन भनेर भनभनिएको एमाओवादी, आत्मनिर्णयको अधिकार चाहिन्छ भन्दाभन्दै भत्किएको मधेसवादी, गोलमेचबाटमात्र निकास देख्ने सडकमा भौंतारिएको नेकपा-माओवादी र भतभती पोल्ने परम्परागत शक्तिको प्रतीक रहेको राप्रपा नेपालजस्ता पार्टीहरूको भिन्न मतको प्रभावकारी प्रतिनिधित्व रहेको संविधानसभाबाट सहमतिमा संविधान लेख्नु र जारी गर्नु सुशील कोइरालाका लागि फलामको च्यूरा चपाउनुभन्दा कठिन देखिन्छ । विदेशी डलरको लोभमा फसेका कमशिन एजेन्टहरूले ८० नाघेको पूर्व परराष्ट्रमन्त्री शैलेन्द्र कुमार उपाध्यायलाई सगरमाथा आरोहण गर्न लगेर ठिङ्गुर्‍याएर समाप्त पारिदिएझैं ७७ का सुशीललाई असफल सुवासले हाँकेको र ओलीको अहंकार देखिएको संविधानसभा, संसदबाट संविधानको सगरमाथा उकाल्न उक्साउँदै खुट्टा तानेर लडाइदिने त होइनन् ?

किनभने आशंकाका अजबुत आधारहरू छन् । मतभेदका कारण पहिलो संविधानसभाले संविधान लेख्न सकेन । राज्य पुनर्संरचनाका अनेक विषयमा बिबाद उठे, सुल्झिएनन् । ठूला पार्टीले आ-आफ्ना हठ र शठलाई जुँगाको लडाइँ बनाए । १७ हजारको लाशमा टेकेर संविधानसभा पुगेको एमाओवादीका अध्यक्षले जनजातिलाई एकलजातीय संघीयतामा उफारे । उफ्रनेहरूले 'बाहुनजति काँशी जा, क्षत्रीजति फाँसी जा' भनेर नारा लगाए । झण्डै नेपाल कुरूक्षेत्र बनेन । फलतः पहिलो संविधानसभाको ज्यानै गयो । बागमतीमा धेरै पानी बग्यो तर मतभेद बगेका छैनन् । ती मतभेद शान्छ छन्, ज्यूँका त्यूँ छन् । मतभेदमा अव मनभेद पनि थपिएको छ । नेता तिनै हुन्, मिलेर अघि बढौं भन्ने 'साझा' भावना जागेकै छैन । मन्त्री र सभाध्यक्षको चयन प्रक्रियाबाट मैं खाउँ, मै ठूलो भन्ने अहंकार प्रदर्शन सुरू भइसक्यो । सभाध्यक्षको चुनावका सन्दर्भमा फागुन ६ गते संविधानसभामा उभिएर प्रचण्डले भने- 'हामी सबै असफल नेता हौं, नेम्वाङ पनि सफल नेता होइनन् ।' असफलहरूको जमघटको रूपमा रहेको दोस्रो संविधानसभा फेरि सद्मी छर्ने औंशीको भीडमा सिमित नहोस् । राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा सभासद् चित्रबहादुर केसीले भनेजस्तो- संविधानसभा भेडीगोठ नबनोस् ।

मतभेद संघीयता, संख्या, सीमा, शासकीय स्वरूप, निर्वाचन प्रणाली, शक्ति पृथकीकरणमा थियो । ती मतभेदका सम्बन्धमा ठूला ५ पार्टी नेपाली कांग्रेस, एमाले, एमाओवादी, राप्रपा नेपाल र मधेसवादीवीच आकाश जमीनको फासला छ । राजनीतिक सिद्धान्त बगार्ने हो भने, सिद्धान्तको कसीमा यी बिबादहरूलाई मिलाउन खोज्ने हो भने दुई सिधा रेखा कहिल्यै मिल्न नसक्नें स्थिति हुनेछ । यसको अर्थ सहमति र सहकार्य बिना यी बिबादहरूको हल खोज्न सकिने छैन । सहमति र सहकार्य गर्ने हो भने सबै राजनीतिक दलहरूलाई हैसियतअनुसारको सम्मान र इज्जत एकापसमा लेनदेन हुनैपर्छ । यसका लागि ठूलो छाती चाहिन्छ । ढुकुरे छाती कांग्रेसले गृह मन्त्रालयमा देखायो, एमालेले सभाध्यक्षमा देखायो । ठूलाको त यो गति कान्छामामाको भाङ्ग्राको धोती भनेझैं एमाओवादी, नेकपा-माओवादी, राप्रपा नेपाल र मधेसवादी लगायतका अन्य दलहरूले किन निहुरीमुन्टी न बनेर सहमतिका नाममा किनाराका साक्षी बस्ने ? हिजोका सहमतिको स्वामित्वमा किन सही ठोक्ने ? नेपाली समाजमा कूलको सन्तान र मूलको पानीको ठूलो महत्व छ । ठूला पार्टीले कूलको उदारता नदेखाउँदा मूल प्रदूषणयुक्त बन्न पुगेको छ । कूल र मूल बिग्रिएको राजनीतिबाट सुखद शान्ति, जनताले खोजेको सुशासन र देशलाई चाहिएको पवित्र संविधान जन्मन सक्दैन । अमानवीय मोनसान्टो बीउबाट स्वच्छ मानव र मानसिकताका लागि चाहिने उपयोगी बालीको उत्पादन कसरी हुन्छ र ? सहमति निर्माण गर्ने इच्छाशक्ति नदेखिएको राजनीतिक घटनाक्रम मोनसान्टो संक्रमण जस्तै हो भन्न सकिन्छ । हाम्रा नेताहरूले पहिलो संविधानसभाका उपलब्धिहरूलाई स्वामित्वका रूपमा ग्रहण गर्न सकिने सहमति गरे पनि त्यो स्वामित्वलाई जनजीवनमा जिवन्त पार्न सकिन्छ भन्ने खालको मनोविज्ञानबाट प्रेरित भएको स्टेटम्यानकोजस्तो व्यवहार पटक्कै देखाउन सकेनन् । मंसिर ४ को निर्वाचनपछिका ३ महिना नाघिसक्यो, दुई चार मिनेटको गालटारा बैठक बाहेक गम्भीर छलफल, भेटघाट, अन्तरक्रिया, वैचारिक मन्थन केही भएका छैनन् । अर्थात्, दोस्रो संविधानसभा सेतो हात्तीका रूपमा चर्चित हुन थालिसकेको छ । पहिले अरवौं सखाप पारियो, उपलब्धि शून्य । फेरि राजस्वको लूट सुरू भइसकेको छ । सभासदहरूले छाडा साँढे प्रवृत्ति कति देखाउने, जनताले कहिलेसम्म यो प्रवृत्तिलाई सहेर बसिरहने ?

यसकारण संविधानसभामा संकल्प प्रस्ताव आउनुपर्‍यो, संविधानभित्र र बाहिरका सबै शक्तिका भावनालाई सम्मान र संवोधन गरेर अघि बढ्न आ-आफूमै निर्देशित हुनुपर्‍यो । सरकार निर्माण र शक्ति सन्तुलनमा भाँजो हाल्नु भएन । सम्पूर्ण ध्यान संविधान निर्माणमा लगाउने हो भने अझै पनि ६ महिनामा संविधानको खाका र एक वर्षमा संविधान जारी हुनसक्छ । बूढा सुशील कोइराला भद्र छन्, स्वच्छ छविका छन् । यो उमेरमा उनीमाथि लोभको भन्दा पनि अमर बन्ने लालसा जागेको हुनुपर्छ । उनको नेतृत्वमा सरकार र संविधान बनाउन अवसर छ, त्यो अवसर गल्ती नदोहोर्‍याउने सपथ खाएका नेता र नयाँ उत्साहका साथ आएका नयाँसभासदहरूसहितको संविधानसभाले नगुमाउँदा बेश । यद्यपि अति महत्वाकांक्षी राजनीतिक शक्तिहरूका च्याँखे बल्झाउने दाउपेचका सामु कोइरालाको बुढो काँधमा पुगेको लोकतन्त्रको भारी संस्थागत हुनसक्दैन कि भन्ने संशय बढ्दै गएको छ ।



# Unwarranted Concerns Over Pakistan Nukes

*Mohammad Jamil*

American think tanks and experts find some reasons to express concerns over Pakistan's nukes to create doubts about their safety and security. Michael Kugelman a senior program associate for South and Southeast Asia at the Woodrow Wilson Center, where he is responsible for research, programming and publications on South and Southeast Asia, used the change of guard at Special Strategic Division to malign Pakistan. On 10th January 2014, the 'National Interest' carried his article captioned 'One more reason to worry about Pakistan's nukes'. He wrote: "Yet one of the most troubling changes occurred on the very last day of 2013, and with little fanfare. On December 31, according to Pakistani media reports, Khalid Kidwai logged his last day , the entity in charge of Pakistan's nuclear weapons". Last month, Michael Kugelman had written a lengthy treatise in America's Foreign Policy magazine titled 'The most magnificent delusion', in which he used the arguments given by Haqqani,the American,s favourite, in his book in which he distorted the facts.

It is unfortunate that Pakistan's evil geniuses who have sold out their souls to the aliens provide arsenal in their hands to cause harm to Pakistan. Some propagandists like Michael Kugelman naively argue that Pakistani nukes may fall in the hands of terrorists attacking sensitive air bases in Pakistan. The absurd propaganda contents further assert that Pakistan is producing tactical nuclear weapons (TNW) meant for actual battlefield use with conventional forces (for short range use against India). Consequently these will be removed from locked-down and secured bases, making them tremendously vulnerable to seizure, attack, or accident. The aim of such propaganda is to depict Pakistan's nukes as hazardous and risk prone. Pakistan's nuclear assets are highly secured and under very responsible authority; and these assets help maintain minimum level of deterrence and actually promote peace in the region. The propagandists like Michael Kugelman must stretch their imagination to understand as to why possibility of a nuclear clash between India and Pakistan exits.

They should not lose sight of the fact that the core issue of Kashmir between India and Pakistan is the real cause of concern; and if resolved, would guarantee permanent peace between the two rivals. Anyhow, nuclear proliferation is an ultra sensitive concern haunting the entire world especially the US and its Western allies, as they are always eager to impose unilateral economic sanctions against the sovereign states falling in the ambit of hostile nations having different systems of governance but aspiring to acquire nuclear capability. Iran, North Korea and Libya (now under immunity) for violating terms of NPT are the countries that are the target of the US and the West's discrimination and bigotry. Similarly any other country, especially with Islamic identity, aspiring to acquire nuclear capability is subjected to severe economic sanctions, political isolation and military action, rendering them incapable of acquiring nuclear expertise. Pakistan's nuclear assets are subjected to hostile propaganda linking them with psychologically premeditated threats to project them unsafe and perilous for the region.

Pakistani nuclear assets, of course are under safe hands and any propaganda against Pakistani nukes is based on ill-intention and pernicious designs. Pakistan rejects such propaganda and strongly protests against it. The core conflict issue between India and Pakistan is Kashmir, which needs resolution as per desires of the Kashmiri people and UN resolutions. The resolution of Kashmir dispute would help bring peace between India and Pakistan, and in that case there will be no reason for them to fight. And tactical and strategic level nuclear weapons would become irrelevant in Indo-Pakistani perspective. There is propaganda that Pakistan is rapidly expanding its stockpile, and that Pakistan is focusing on the production of tactical nuclear weapons (TNW). The propagandists argue that these weapons are meant for use in battlefield by conventional forces (and in Pakistan's case, for short-range use against India). And these may be removed from locked-down and secured bases, making them vulnerable to seizure, attack, or accident.

The nuclear weapons of Pakistan along with its safety and security measures have long been a matter of debate across the globe. At different occasions, the US administration and Generals have acknowledged the safety and security of Pak nukes. The recent report NSI 2014 has labeled Pakistan as "most improved nation" for nuclear security. This should be appreciable at first hand. Regarding the leadership changes in one of the primary institution of nuclear set up must be viewed with optimal confidence. The very reason is that Pakistan is always very cautious, vigilant and responsible in terms of its nuclear assets. The respective institution has been well-established under the guidelines of previous leadership and appreciated for its strong foundations. Last month, Khalid Ahmed Kidwai called it a day, and another competent has taken the charge as head of Strategic Plans Division. Patterns are already set and new directions will enhance the overall credentials and performance. Pakistan is quite aware of its needs and responsibilities; therefore apprehensions are misplaced.

One blogger commenting on Michael Kugerman's article stated: "Pakistan has reluctantly entered the nuclear fray due to repeated Indian provocations. Likewise, its decision to develop short-range-low yield (SRLY) nuclear weapons is not an initiative, rather a measured reaction to Indian adoption of dangerous nuclear doctrine to fight a limited war under Pakistan's nuclear threshold. Islamabad looks at these SRLY weapons as deterrence stabilizers". The US and the West display double standards on the matter of nukes. The US signed an agreement with India, and members of Nuclear Suppliers Group (NSG) are happy to benefit from the buying spree of India, which is trying to acquire materials to produce more and more nukes. It has to be mentioned that India is not a signatory to the Non-Proliferation Treaty, yet it has been given exemption by the NSG on the recommendation and persuasion of the US, France and Russia despite the fact the NSG is not supposed to supply nuclear-related materials to the country that has not signed the NPT.



# राष्ट्र र जनताप्रति बेईमानी किन ?



■ अनिल योगी

नेपालको राजनीतिमा दिल्लीको महत्वपुर्ण भुमिका छ भनिन्छ तर दिल्लीको राजनीतिनै लिक भन्दा बाहिर छ । उनीहरूले नेपालको राजनीतिलाई कसरी सहज मार्गमा लैजान मद्धत गर्न सक्छन ? दिल्लीको संसद भित्र भएको ताण्डव नित्य र नेपालको राजनीतिमा देखिदै आएको नौटकीमा के भिन्नता छ ? राजनीति सम्भावनाको खेल हो भन्दै देश बर्वाद गर्ने अधिकार यो देशका नेताहरूलाई कस्ले दियो ? दोस्रो संविधानसभाको निर्वाचनले सबै समस्याको समाधान हो भनिरहेका थिए राजनीतिक दलका नेताहरू । देशमा काम गर्ने कुनै बिभागै नभएको जस्तो जम्मा एक जना बिना बिभागीय मन्त्री बनाएर सुशिल कोईराला लाजै नमानी झण्डा हल्लाएर जनताका बीचमा दौडीरहेका छन् तर उनको गन्तब्य कता हो कसैले भन्न सक्दैन । कतै नभएको जात्रा हाँडीगाउँमा भने जस्तै दोस्रो पटक संविधानसभाको निर्वाचन पनि भयो तर दलका नेताहरू सत्ताको भद्धा खेलमा लिप्त भएको हेर्दा देख्नेलाई लाज भएको छ । नेपालीहरू सुशिल कोईराला प्रधान मन्त्री भएकोमा गर्व गरिरहेका छन् त कोही के.पी ओली संसदीय दलको नेता भएको बिषयमा हर्ष मानीरहेका छन । नेपाल राष्ट्रको सत्ता दलका नेताहरूका लागि बाँदरका हाथमा नरिवल जस्तै भएको छ । यिनका आँखाले देश देख्न छाड्यो । यिनका दिमाखले जनताको दुखको अवस्था जान्न छाड्यो । दलका नेताहरू र तिनका निकट कार्यकर्ताहरूलाई जनता देखि कुनै प्रकारको डर पनि लागि रहेको छैन । तिनीहरूलाई मानव समुदाय देखि लाज पनि लागि रहेको छैन । बिवेक पुर्ण तरिकाले काम गर्न नसक्ने दलका नेताहरू र सहयोगी भुमिका खेल्ने कार्यकर्ताका कारण राष्ट्र जोखिम मोडमा पुगेको छ । जनताको जिवन सुरक्षित छैन । हेक्का रहोस् आउने दिनमा दलका नेताहरू र तिनका कार्यकर्तालाई यस्को मुल्य चुक्ता गर्न निकै कठिन पर्नेछ ।

अत्यन्तै खर्चालु मानिएको पहिलो संबिधानसभा दलका नेताहरूले आफै भङ्ग गरेर राष्ट्रलाई थप जटिलता तर्फ धकेल्ने काम गरे । फेरी सेनालाई समेत प्रयोग गरेर त्यही चिन्तन र चरित्रका मानीसहरू सहभागी भएर निर्वाचन गरियको संबिधानसभा बाट संबिधान निर्माण गर्नु पर्नेमा दलका नेताहरू सत्ताका लागि घिनलाग्दो झगडा गरि रहेका छन । नेपाली काग्रेस र एमालेका बीच मन्त्रीका लागि बिवाद मात्र भएन सफद कार्यक्रमने एमालेले बहिस्कार गरेर सरकारमा समेत नजाने बाहादुरी देखाई सकेको छ । यो प्रकारको अराजनीतिक भद्धा प्रबृतिले संबिधान निर्माण गर्ने कुरा तर्फ बल पुग्ने छैन । आम नेपाली जनताको आत्माको कुरा छाडौं, खिलराज रेग्मीको आत्माले समेत शान्ति पाउँने छैन । दलका नेताहरू स्वयम आफनै लागि पनि असहज अवस्था सृजना गरिरहेका छन । नेताहरूले राष्ट्र र जनता प्रतिको आफनो राजनीतिक धर्म भुली सकेका छन् ।

नयाँ नेपाल बनाउँछौ भन्ने दलका नेताहरूको गफमा नलाग्दा नै राम्रो हुँन्छ भन्दा मलाई राष्ट्र र जनता बिरोधि जस्तो ठान्य मेरा मित्रहरूले बल्ल आफै कुरा बुझ्न थालेका छन । दलका नेताहरूका चरित्र र चिन्तन नबुझेका मित्रहरूलाई मैले त्यही समयमा भनेको हो । यो देशका नेताहरूको चरित्र देशभक्तिपुर्ण छैन् जनतालाई ढाल बनाएर आफनो स्वार्थपुरा गर्ने दाउँ मात्र हो । देश त उहिले नै पुर्खाहरूले बनाई दिएका हुँन हामीले त बिकास मात्र गर्नु पर्नेछ भन्दा मित्रहरूले कुरा बुझ्हाउन गारो भएको थियो । आज भोली ति मित्रहरू आफै भन्न थालेका छन दलका नेताहरूले राष्ट्र र जनता प्रति बेईमानी गरे । मानीसलाई सत्य कुरा सुन्न र बुझ्न अलि समय लाग्ने रहेछ ।

कतै नभएको जात्रा हाँडी गाउँमा भने जस्तै अर्न्तराष्ट्रिय सम्मेलन केन्द्र बानेश्वरमा बसेर दलका नेताहरू फेरी जगत हँसाई रहेका छन । त्यो ६०१ जनाको भेला बिवेक लगाएर राष्ट्र र जनताका पक्षमा काम गर्ने मानीसहरूको हो या मुर्खहरूको जमघट हो छुट्याउन कठिन भएको छ । दलका नेताहरूले राष्ट्र र जनतालाई कमजोर मात्र बनाएका छैनन् प्रजातन्त्रको बदनाम गरेका छन । सबै जसो नेताहरू काम कुरो एकातिर कुम्लो बोकी ठिमी तिरकै शैलीमा यो संबिधानसभालाई पनि असफल बनाउँने काममा दत्तचित्त भएर काम गर्ने छनक देखाई रहेका छन । दलका नेताहरूले यो संबिधानसभा बाट पनि राष्ट्रलाई संबिधान दिन सकेनन् भने राष्ट्रमा थप जटिलता उत्पन्न हुँनेछ र दलका नेताहरूको राजनीतिक जिवन पनि समाप्त हुने खर्तनाक अवस्था तर्फ राजनीति अगाडी बढीरहेको छ । तर दलका नेताहरूलाई यसतर्फ रत्तिभर चिन्ता भएको देखिदैन । यस्ता नेताहरूलाई बिवेक लगाएर काम गर्ने प्राणी हुन भनेर कसरी भन्ने ?

अशान्ति र अराजकताको मार खेप्न नसकेर होला काठमाण्डौं खाल्डोका जनता काठमाण्डौं जिल्ला प्रहरी प्रमुखमा आएका एक जना प्रहरी अधिकृत रमेश खरेल प्रति निकै आसावादी र भरोषा मानी रहेका छन । उसो त रमेश खरेल कुनै राजनीतिक दलका नेता होइनन् उनी एक जना सच्चा देशभक्त प्रहरी कर्मचारी मात्र हुन । ६०१ जना प्रचण्डहरूलाई धारेहाथ लगाएर गाली गर्ने राजधानिको जनता एक जना रमेश खरेल प्रति यतिबिध्न भरोषा के कारणले गरि रहेका छन् भनेर बुझ्न कठिन छैन । सबै कुराले सम्पन्नहरू बस्ने ठाउँ हो काठमाण्डौं तर पछिल्लो समयमा बिपन्नहरूको पनि बाक्लो उपस्थिति देखिदै आएको छ । यति ठुलो जनसंख्यालाई रमेश खरेल एक्लैले सुरक्षा दिने त होइनन् तर पनि उनको काम गर्ने तरिका र आफनो जिम्मेवारी प्रतिको ईमान्दारीताका कारण राजधानिको जनता उनी प्रति भरोषा गर्न बाध्य भएका छन । नेपालका राजनीतिक दलका नेताहरूले रमेश खरेलको जस्तो भुमिका खेल्न सकेको भए आज देश कस्तो सुन्दर र शान्त हुँने थियो । यो एउटा भावना र कलपना मात्र हो । भ नेपालका राजनीतिक दल र ति दलका नेताहरू बाट नेपाली जनताले अपेक्षा गरेको कुरा रमेश खरेल मार्फत जोड्दार रुपमा मुखरित भएको छ । जावो एकथान संबिधान बनाउँने बाहनामा राष्ट्रलाई कङ्गालहरूको देशका रुपमा परिणत गर्ने हाम्रा दलका नेताहरूले रमेश खरेललाई कुनै संबिधानसभाबाट वा फगत संसदबाट जन्माएका हेइनन् । रमेश खरेल देश र जनता प्रतिको आफनो कतब्य पुरा गर्ने कुरामा ईमान्दार मात्र भएका हुँन । एक जना कर्मचारी आफनो देश र जनता प्रति जिम्मेवार हुँदा त समाजको यति राम्रो सर्मथन र सहयोग पाउन सफल हुँन्छ भने अन्य निकायमा काम गर्ने कर्मचारी र सत्तामा बस्ने साशकहरूले देश र जनता प्रति ईमान्दार हुँन सकेको भए देश बन्नका लागि आईतवार कुर्न पर्ने थिएन । रमेश खरेल जे गरि रहेका छन यो देशमा र हाम्रो समाजमा त्यो गर्न सजिलो थिएन र छैन । जे होस् उनले गर्न सके अरू आफुलाई असल ठान्यहरूले उनले अवलम्बन गरेको जनउत्तरदायी भुमिका सबैले निर्वाह गर्ने कोसिश गर्न सके भने यो राष्ट्रमा र राजधानीमा जनता चैनका साथ निदाउन पाउँने छन् आफनो ब्यवसाय ढुक्क सँग चलाएर खान र बाँच्न पाउँने छन् ।

रमेश खरेलको कुरा गर्दै गर्दा डा. गोविन्द केसीलाई पनि बिर्षन सकिदैन । यो देशका साशकहरू र सत्ता गोविन्द केसी जस्ता जनताका लागि बाँच्नेहरू सँग ठट्टा गरि रहेको छ । १४ दिन लामो आमरण अनसन बसेर भख्खर अन्न पानी खान थालेका गोविन्द केसी सत्ता र साशकहरूले धोखाधडी गरेका कारण फेरी अनसनमा बसेका छन । यो राष्ट्रिय लज्जाको बिषय त हो तर नेपालीहरूलाई लाज लाग्न छोडी सकेको हुँनाले यो बिषयले महत्व नपाउँनुलाई अन्यथा मान्न सकिदैन । लोकतन्त्र फलाक्दै हिड्ने मौकावादी नेपाली दुनियाँ रमेश खरेल र गोबिन्द केसीहरूका पक्षमा भन्दा पनि न्यायका पक्षमा आन्दोलित हुनू आबश्यक ठानि रहेको छैन । त्यसको ठिक बिपरित यो देशको दुनियाँ राजनीतिक दलका नेताहरूको सत्ता र शक्ति खोसिदा आन्दोलनमा आउँनु शडक तताउनु आफनो अब्बल दर्जाको योग्यता ठान्छ । आफनो गृहस्थी जिवन त्याग गरेर जनताको सेवामा जुटेको एकजना डाक्टर अनसन बसेर प्राण त्याग्न खोजिरहेको हुन्छ यो देशका साशकहरू मस्त सँग बसीरहेका छन बाँचीरहेका छन । लोकतन्त्र विनाको जिवन अधुरो हुन्छ भन्ने मुर्खहरूको कतै उपस्थिति देखिदैन । म जस्ता नाथे सर्मथकले मात्र गोविन्द केसी र रमेश खरेललाई बचाउन सकिदैन ।

यो देशको सत्ता र साशकहरू कति सम्म जनबिरोधि छन र लोकतन्त्र बिरोधि छन भन्ने कुरा गोरखा भुजेलका कृष्ण प्रसाद अधिकारीका परिवार प्रति गरेको अन्याय र अत्याचार लाई आत्मसाथ गर्न सकियो भने धेरै कुरा बुझ्न सजिलो हुँनेछ । बिर अस्पतालमा आमरण अनसनमा बसेको महिनौ भयो । अधिकारी दम्पती सलाईनको भरमा बाँचीरहेका छन । अधिकारी दम्पतीको त्यो दर्दनाख पिडा केबल संन्चार माध्यमका लागि समाचार मात्र बन्छ । अधिकारी दम्पतिको जिवन मानव अधिकारवादीहरूका लागि सत्ता र साशकको बिरोध गर्ने केवल मुद्धा मात्र बन्छ । सत्ता र साशकहरूले कानमा तेल हालेर बसेको छ । जिम्मेवार नागरिकहरू,लोकतन्त्रको गफगर्ने गफाडीहरू मौन बसी रहेका छन ।

न्याय र जनताका पक्षमा लाग्न नसक्नेहरूको जिवन बाँच्नु भनेको दिन गुजारा मात्र हो भन्ने कुरा यो दुनियाँ बुझ्न चाहँदैन । समाजमा न्याय हरायो भने बिकराल अवस्था आउने रहेछ भन्ने कुरा आम नागरिकले महसुश गरेका छन तर अन्याय र अत्याचारलाई माध्यम बनाएर आफनो राजनीतिक अभिष्ट पुरागर्ने नेताहरूको प्रबृति सुधारिने अवस्था देखिएको छैन । दलका नेताहरू प्रतिको यो चरम निराषा कुनै न कुनै माध्यम द्धारा जनताले एक दिन शड्कमा पोख्ने छन । त्यो अवस्थामा कुनै पनि राजनीतिक दल र नेताको बिचार र सिद्धान्तले जनतालाई आफु अनुकुल घुमाई राख्न सक्ने छैनन् । आफनै बुद्धी र बिवेकका कारणले दलका नेताहरू कमजोर र देश बिरोधिका रुपमा नेपाली समाजका सामु प्रस्तुत भैरहेका छन । यो बिकराल अवस्था बाट दलका नेताहरूले पाठ सिकेर आफना प्रबृतिहरू सुधार गर्न सके भने उनीहरूको राजनीतिक जिवन सहज रुपमा अगाडी जान सक्छ ।

# अब देखिनु हुन्न महिला हिंसा

**नरेन्द्र सापकोटा**

आफ्ना श्रीमान् घरवाहिर गएका वेला कतिवेला घर आइपुग्लान् भनेर एउटी श्रीमती पर्खिरहनु स्वभाविक हो । तर हेटौंडा ८ कमानेकी एक महिला श्रीमान् घर आउने वेला भएपछि आफू कहाँ लुक्ने भनेर चिन्तित हुन्छिन् । दिनहुँजसो मादक पदार्थ सेवन गरेर आउने र उनले श्रीमतीलाई जथाभावी गालीगलौज गर्दै कुट्ने गरेका छन् । उनले केही दिन त श्रीमान् सुध्रिएलान् कि भनेर पनि हिंसा सहने प्रयास गरिन् । जव ज्याने जानेसम्मको खतरा उनले थाहा पाइन् र त्यसपछि उनी प्रहरीको शरणमा पुगिन् ।

इलाका प्रहरी कार्यालय पशुपतिनगरमा उजुरी गर्न पुगेकी उनले आफ्ना श्रीमान्ले आफूलाई गरिरहेको हिंसावारे जानकारी गराइन् । प्रहरीले सामुदायिक सेवा केन्द्रलाई रिफर गरेपछि दुवैलाई झिकाई छलफल गरेर श्रीमान्ले आइन्दा हिंसा नगर्ने भनेपछि उनीहरूको विवाद कागजमा त मिल्यो व्यवहारमा देखिएन । 'दुई चार दिन त ठीक भयो, पछि फेरी जस्ताको तस्तै' उनले दुखेसो पोखिन् । उनी दुई छोराको भविष्य हेरेर भए पनि हिंसा सहन वाध्य छिन् । प्रहरीमा पुगेपछि अव त्यसो गर्दिन भन्छन्, घर आयो फेरि उस्तै', उनले भनिन्, कति उजुरी गर्नु जुन दिन वृद्धि आउला उही दिन सप्रिएलान् ।' छोराहरु ठूलो भएपछि श्रीमान् सुध्रने अपेक्षामा छिन् उनी ।

यस्तै हेटौंडा ९ की ७० वर्षीया एक वृद्धले आफ्नै छोरावुहारीवाट हिंसा सहनुपरेको भन्दै न्यायको माग गर्दै दुई महिनाअघि सामुदायिक प्रहरी सेवा केन्द्रमा उजुरी दिइन् । एकल महिलासमेत रहेकी उनलाई छोरा वुहारीले अपशब्द प्रयोग गर्दै गालीगलौज गरेर घरवाट निकालेको उनले उजुरीमा उल्लेख गरेकी छिन् । आफूलाई कुटपीट गर्नुका साथै घरसमेत तोडफोड गरिदिएको उनको गुनासो छ । दुवै पक्षलाई झिकाएर पीडित वृद्धालाई उचित न्याय दिलाउने प्रयास भइरहेको केन्द्रले जनाएको छ ।

माथिको दुईवटा घटना त उदाहरण मात्रै हुन् । यस्ता धेरै घटनामा न्याय पाउन माग गर्दै सम्वन्धित निकायमा उजुरीको थाक लागेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुर, सामुदायिक प्रहरी सेवा केन्द्र, माइती नेपाल गायतका सम्वन्धित निकायमा उजुरी गर्नेको संख्यामा कमी आएको छैन । गाउँ र नगरमा सञ्चालित मेलमिलाप केन्द्रमा पनि घरेलु हिंसाका उजुरी धेरै पर्ने गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्क हेर्ने हो भने यसवर्ष मात्रै महिला हिंसाका ९० वटा निवेदन दर्ता भएका छन् । दर्ता भएका निवेदनमा वहुविवाह, कुटपीट, जर्वजस्ती करणीलगायतका रहेका छन् । कार्यालयका अनुसार गत वर्ष साउनमा ११, भदौमा १५, आसोजमा ७, कार्तिकमा ५, मसिरमा ८ वटा घटना दर्ता भएका हुन् । त्यस्तै पौषमा ७, माघमा ११, फाल्गुणमा ३ र चैत्रमा १० घटना दर्ता भएका हुन् । २०७० साल वैशाख र जेठमा १/१ घरेलु हिंसाका घटना दर्ता भएका छन् । जसमध्ये ४२ वटा मुद्दाको मिलापत्र भइसकेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको महिला सेलले जनाएको छ । २५ वटा प्रक्रियामा रहेको, १८ वटा वाँकी रहेको र ५ जनाले अदालतमा मुद्दा हालेको महिला सेलकी खैसरा थापाले वताइन् ।

माइती नेपालमा पनि घरेलु हिंसाको शिकार भएको भन्दै १ सय २७ महिलाले उजुरी लेखाएका छन् । माइती नेपाल मकवानपुरकी संयोजक माया लामाका अनुसार गत वर्षको तुलनामा यो वर्ष हिंसावाट वढी महिला पीडित भएका छन् । गत वर्ष जम्मा ८७ वटा मुद्दा दर्ता भएकामा यस वर्ष असारसम्म १ सय २७ वटा दर्ता भएको उनले वताइन् । जिल्लामा नै महिला असुरक्षित हुने क्रम वढेको भन्दै उनले चिन्ता व्यक्त गरिन् । हेटौंडामा दिनदहाडै एक युवतीमाथि एसिड छ्यापेर एक भारतीय युवक फरार हुनु, प्रहरी कार्यालय नजिकै रहेको होटलमा युवतीमाथि सामूहिक वलात्कारको घटना हुनुले पनि महिला असुरक्षित हुँदै आएको उनको भनाइ छ । पछिल्लो समय वलात्कारका घटना पनि वढेका छन् । 'गतवर्ष एउटा मात्रै वलात्कारको घटनाको उजुरी परेको थियो यसवर्ष ८ वटा पुगिसकेको छ' लामाले भनिन् ।

लामाका अनुसार धेरैजसो मुद्दाहरु श्रीमान् तथा सासुससुरावाट कुटपीट, जर्वजस्ती करणी, यौन दुर्व्यवहार, नातेदारवाटै वेचविखनलगायतका रहेका छन् । घटना वढेको देखिए पनि महिलामा हिंसा सहनु हुँदैन भन्ने भावनाको विकास भएकोमा भने उनले खुसी व्यक्त गरिन् 'महिलामा अव हिंसा सहेर वस्नु हुँदैन भन्ने भावनाको विकास भएको छ, त्यसैले पनि उजुरीको चाप वढेको हो' उनले भनिन्, 'यदि महिला सचेत नहुने हो भने घरभित्रको हिंसा त्यहीँ सिमित हुन्थ्यो, तर महिलाले न्याय पाउन सक्दैनथे ।'

कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ले सञ्चालन गरेको मेलमिलाप केन्द्रमा पनि यस्ता थुप्रै उजुरी परेका छन् । विगत चार वर्षको अवधिमा मेलमिलाप केन्द्रमा मात्रै २ सय २२ वटा घरेलु हिंसासम्वन्धी उजुरी परेको सेलर्डका क्षेत्रीय संयोजक जगन्नाथ सुवेदीले वताए । महिला अधिकारका लागि क्रियाशील नारी सीप सिर्जना केन्द्रकी अध्यक्ष विष्णु ओझा हिंसामा संलग्नलाई कारवाही हुन नसकेका कारण हिंसाका घटनामा वढोत्तरी भएको वताउँछिन् । घरभित्रै वर्षौंदेखि शारीरिक तथा मानसिक यातना सहेर वस्न वाध्य महिलाहरुमा हिंसा सहनुहुन्न भन्ने चेतना विस्तारै जाग्दै जानु सकारात्मक भन्दै उनले भनिन्, 'तर पीडकलाई कारवाही नहुँदा हिंसा घट्न सकेन ।' उनका अनुसार घरेलु हिंसामा परेका महिलामा मानसिक समस्या देखिने गरेको र उनीहरुलाई उचित परामर्शको समेत आवश्यक पर्दछ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामकुमार महतो भने प्रहरीको सक्रियता कमजोर भएकाले महिला असुरक्षित वन्दै गएको स्विकार गर्दैनन् । उनी भन्छन्, 'जिल्लामा स्रोत साधन र कम जनशक्तिका वावजुद प्रहरीले शान्ति सुरक्षा कायम गर्न कुनै कसर वाँकी राखेको छैन ।' हिंसाका घटना हुन नदिन महिलाहरु पनि स्वयम सचेत हुनुपर्ने उनको तर्क छ । (सञ्चारिका लेख)

# वामदेवको बाटोमा ओली

*प्रकाश दुलाल*

संविधानसभा निर्वाचनलगत्तै एमालेले पावर सेयरिङका नाममा राष्ट्रपतिको निर्वाचन हुनेपर्ने आफ्नो बटमलाइन बानाएर पार्टी स्थायी समितिबाट संस्थागत निर्णयसहितको अडान राख्यो । तर, कांग्रेसले संविधान जारी गरिसकेपछि मात्र राष्ट्रपति निर्वाचन गर्न उपयुक्त हुने भन्दै प्रधानमन्त्री पदसित राष्ट्रपति पदको सौदाबाजी नगर्ने अडान राखेपछि दुई दलबीच खटपट सुरु भयो । तर, २६ माघमा सम्पन्न सातबुँदे सहमतिपछि ठूला लोकतान्त्रिक दल कांग्रेस र एमालेको एकताका कारण नेपालमा संघीय लोकतान्त्रिक संविधान बन्ने आशा र विश्वाससँगै जनतामा उत्साहसमेत जागेको थियो ।

दुई दलबीचको सोही सहमतिका आधारमा कांग्रेस संसदीय दलका नेता सुशील कोइरालाको दुईतिहाइ मतका साथ गणतन्त्र नेपालका प्रधानमन्त्रीमा निर्वाचित भए । त्यसपछि उनले भोलिपल्टै आफूले पद तथा गोपनीयताको शपथ लिने र तत्काल सानो आकारको मन्त्रीमण्डल बनाउने बताएर एमालेबाट सरकारमा नेतृत्व गर्ने व्यक्तिको नाम मागे । तब एमालेले पहिल्यै गरेको निर्णयअनुसार एमाले उपाध्यक्ष वामदेव गौतमलाई गृह मन्त्रलयको जिम्मेवारीसहित पद तथा गोपनीयताको शपथ खुवाउन अनुरोध गऱ्यो । तर, कोइरालाले भने आफू प्रधानमन्त्री चयन हुनुअघि नै गृहमन्त्री एमालेलाई दिन नसकिने कुरा एमाले अध्यक्ष झलनाथ खनाल र संसदीय दलका नेता केपी ओलीलाई बताइसकेको दाबी गरे । उनले भ्रष्टाचार आरोप लागेका नेतालाई मन्त्रीमण्डलमा सामेल गर्न नसक्ने भन्दै एमालेले गौतमको ठाउँमा अरुलाई नै र गृह मन्त्रालयको सट्टा अर्कै मन्त्रालयसहित सरकारको नेतृत्वमा पठाउन भनेपछि एमाले संकटमा देखिएको छ । एमालेमा केपी ओलीलाई संसदीय दलको नेता चयन गर्दा नै ओली र गौतमबीच भएको सहमतिअनुसार गौतमलाई नै सरकारको नेतृत्वमा पठाउने तय भएको थियो ।

विगतमा माधव नेपालको सरकारमा गृह, अर्थ, रक्षा र सञ्चार मन्त्रालय एमालेलाई कांग्रेसले छाडेको कुरा हेक्का भएका ओलीले वामदेवलाई कांग्रेसले सजिलै गृहमन्त्री नदिने थाहा पाएरै प्रधानमन्त्री निर्वाचनका दिन संसद्मा विषेश समय लिएर बोल्दा चेतावनीको शैलीमा भनेका थिए– सुशीलजी कृपया खोलो तरेपछि लौरो नबिर्सिनुहोला । एमालेलाई विगतदेखि लाग्दै आएको आरोप हो ऊ निर्णय गर्छ तर आफ्नो निर्णयमा अडिन सक्दैन । एमाले अडान नभएको पार्टी हो । एमालेमा अध्यक्ष झलनाथ खनाल र पूर्वमहासचिव माधवकुमार नेपाललाई पार्टी प्रमुख हुँदा विभिन्न मुद्दामा विशेष अडान नलिएको र पार्टीलाई डुलमुले बनाएको भनेर प्रचार गरिँदै आएको छ । अनि विगतमा माओवादीको सत्ताकब्जाविरुद्ध लोकतान्त्रिक शक्तिको एकताका पक्षमा अडान लिएका कारण एमालेमा अडान भएका एक मात्र नेता ओली नै हुन् भनेर प्रचार हुँदै आएको छ । तर, भर्खरै उपाध्यक्ष गौतमसँगको एकताका आधारमा संसदीय दलका नेता चुनिएका ओलीले कांग्रेससँग सरकार निर्माण गर्दा सहमति निर्माण गर्न गरेको हतारो देख्दा भने उनी पनि उस्तै रहेछन् भन्ने देखिएको छ । पार्टी स्थायी समितिले राष्ट्रपति निर्वाचनलाई आफ्नो बटमलाइन बनाएको कुरा भुलेर आफू दलको नेता हुँदा गरेको सहमति कार्यान्वयनका लागि वामदेवलाई उपप्रधान तथा गृहमन्त्री बनाउने लालसामा कांग्रेससँग गरेको सहमतिले उनको छवि सुरुमै धूमिल देखिएको छ ।

यसमा अझै भन्ने हो भने दुई दलबीच हुँदै नभएको कुरालाई सहमति भएको भनेर पार्टीका तर्फबाट वार्ता टोलीका सदस्य वामदेव गौतम र विष्णु पौडेलले पार्टीको छविमा आँच पुऱ्याएका छन् । नत्र दुई दलबीचको सातबुँदे सहमतिमा किन मन्त्रालय बाँडफाँडबारे लेखिएन । लिखित रुपमा गरिएको सम्झौतामा हुँदै नभएको कुरा आफूलाई मनमा लाग्यो भन्दैमा सहमति भएको भन्न मिल्छ ? सहमति भएको भए कागज देखाऊ नत्र पदीय स्वार्थका लागि सिंगो पार्टीको छविमा आँच पुऱ्याउने काम नगर ।

अघिल्लो संविधानसभामा एमाओवादी र मधेसवादीको उल्लेख्य उपस्थितिका कारण मुलुकले लोकतान्त्रिक संविधान पाउन सकेन । विगतमा एमाओवादी पार्टी ठूलो हुँदा उससँग मिलेर लोकतान्त्रिक होइन, कम्युनिस्ट छाप भएको जनसंविधान जारी गर्न मुलुकका ६३ प्रतिशत कम्युनिस्ट शक्तिबीच एकता गराउने र आत्मनिर्णयसहितको जातीय संघीयताका पक्षधरसित मिलेर संविधान जारी गर्नुपर्छ भन्ने उपाध्यक्ष गौतम नै होइनन् ? एमालेलाई दुई वर्षभित्र एमाओवादीमा बिलय गर्नुपर्छ र अर्को मेरो मुख्य कार्यभार त्यही हुनेछ भन्ने वामदेवकै कारण आज कांग्रेस र एमालेबीच सहकार्यमा तनाव उत्पन्न भएको हो । हिजो एमाले कांग्रेसलाई भुस र कनिका अनि एमाओवादीलाई चामल देख्ने गौतमले एमाओवादीले गरेको आमहडतालको समयमा माओवादीको पक्षमा लागेर माधव नेपाल सरकारविरुद्ध हस्ताक्षर अभियान नै चलाएका होइनन् ? त्यतिवेला माओवादीको आन्दोलन सफल भएको भए आज वामदेव कता कस्तो भूमिकामा हुन्थे, अनुमान गर्न कठिन छैन ।

त्यही वेला उनले भनेका थिए, एमालेको माओवादीकरणको मुख्य चुनौती माधव-केपी समूह हो भने त्यसपछि कांग्रेस-एमालेको सहकार्य । त्यसैले अब अहिले सबैभन्दा पहिले माधव-केपी समूहलाई फुटाउने र कांग्रेससँगको सहकार्य तोड्ने काम गर्नुपर्छ भन्नेमा उनको मुख्य जोड थियो । त्यसैले अहिले उनको मुख्य उद्देश्य माधव-केपी समूहलाई फुटाउने र कांग्रेस-एमालेबीच असमझदारी पैदा गर्ने नै हो । त्यो उद्देश्यसाथ उनले पार्टीमा विगतदेखि नै लोकतान्त्रिक शक्तिबीचको एकतालाई मजबुत बनाउनुपर्ने पक्षमा आफ्नो दह्रो अडान राख्दै आएको माधव-केपी समूहलाई कमजोर पारेर फुटाउने कार्यमा ओलीको महत्वाकांक्षामा टेकेर एमाले संसदीय दलको निर्वाचनमा माधव-केपी समूह फुटाउन सफल भए । केपीसँगको एकतापछि सुशील कोइरालाको नेतृत्वमा बनेको सरकारमा आफूले उपप्रधान तथा गृहमन्त्री नपाउनासाथ कांग्रेसलाई चैनसाथ बस्न नदिने भन्दै कांग्रेसविरुद्ध भन्डाफोर अभियान चलाउने घोषणा गरेर कांग्रेस-एमाले सम्बन्धमा पनि दरार पैदा गर्न उनी सफल भए ।

कांग्रेस-एमालेबीचको सहकार्यको सम्बन्ध अघिल्लो संविधानसभादेखिकै हो, जुन वामदेव वृत्तलाई मन परेको थिएन । अघिल्लो संविधानसभामा माओवादी अतिवादको प्रतिवाद, लोकतन्त्रको रक्षा र लोकतान्त्रिक संविधान निर्माणसम्मका लागि सहकार्यको यात्राका सुरुवाती चरणदेखि नै गौतम यसको विपक्षमा र माओवादीसँगको एकताका पक्षमा थिए । त्यो वेला उनको एमालेभित्र निर्णायक उपस्थिति नभए पनि आज भने उनको रणनीतिक उपस्थितिले कांग्रेस-एमाले सहकार्यमा संकट देखा परेको छ । होइन भने हिजो आफू दोस्रो ठूलो दल भएर पनि तेस्रो ठूलो दलका नेता नेपाल प्रधानमन्त्री हुँदा रक्षा, गृह, अर्थ, सञ्चार, स्थानीय विकास मन्त्रालय दिएको कांग्रेस आज ठूलो पार्टीको हैसियतमा सुशील कोइराला प्रधानमन्त्री हुँदा उनीसँग गृह मन्त्रालय हुने नहुने अडान राखेर एमाले किन हिजो कांग्रेसले आफूलाई लगाएको गुन बिर्सदै छ । अहिले वामदेवलाई नै गृहमन्त्री किन चाहियो ? पार्टीमा नेतृत्व हस्तान्तरणको आकर्षक नारा दिने केपी-वामदेव समूहले ०५४ मै गृहमन्त्री बनिसकेर पटक-पटक सरकारमा पुगेका गौतमलाई नै किन फेरि अवसर दिनुपऱ्यो ? पार्टीमा नेतृत्व हस्तान्तरणको कुरा उठाउनेले आफूले पद पाउँदाचाहिँ छोड्नुपर्दैन ? सरकारमा अर्थ, स्थानीय विकास, शिक्षा, स्वास्थ्य, वन, कृषि, ऊर्जा भौतिक योजनाजस्ता विकासे मन्त्रालय लिएर आफ्नो नीति तथा कार्यक्रम लागू गरे हुन्न ? एमाले किन तयार छैन त्यसका लागि ? गृह मन्त्रालय नपाउँदैमा आफ्नै समर्थनमा प्रधानमन्त्री निर्वाचित कोइरालाको शपथ बहिस्कार गर्दै सरकारमै नजाने, समर्थन फिर्ता लिने र कांग्रेसविरुद्ध भन्डाफोर अभियान चलाउनेसम्मको घोषणा एमाले किन गर्दै छ ? के एमाले अब सैद्धान्तिक रुपमा वामदेवको बाटोमा हिँडेको हो ? होइन भने एमालेमा वामदेवबाहेक अरु कुनै नेता छैनन्, अहिले सरकारमा पार्टीको तर्फबाट नेतृत्व गरेर जान योग्य ? नत्र हिजोदेखि नै कांग्रेस-एमाले गठबन्धनविरोधी वामदेवको पछाडि लागेर विगतमा एमाले संसदीय दलका नेता ओली आफैँले समर्थन गरेका कोइराला नेतृत्वको सरकारमा नजाने घोषणा गरेर किन गर्दै छन् ? होइन भने हिजो माधव नेपाललाई आफूले प्रधानमन्त्री बनाएको भनेर कांग्रेस-एमाले लोकतान्त्रिक गठबन्धनको राजनीतिक नेततृत्वकर्ता आफू भएको दाबी गर्ने ओली आज किन कांग्रेससँगको सहकार्य तोड्न खोज्दै छन् ?

आफ्नो सीप र क्षमता अनुसारको काम र राम्रो तलव सुविधाको बैदेशिक रोजगारका लागि विभिन्न मुलुकमा जानु परेमा हामीलाई सम्झनुहोस् ।

ब्रोडवे ओभरसिज इम्प्लाइमेन्ट सर्भिस प्रा.लि

पिंगलास्थान, काठमाडौं, नेपाल, फोन नं ४४७५३६७,४४७५३६८, फ्याक्स नं ४४७५३६९

इमेल: broadway378@wlink.com.np, वेबसाइड www.broadwayemployment.com

## vjhsb

### कान्छीमायाँ र अनिशलाई उपाधि

काठमाडौं । कान्छीमायाँ कोजूले तेस्रोपटक कान्तिपुर हाफ म्याराथनको उपाधि हात पारेकी छिन् । बुधबार भएको प्रतिस्पर्धामा कान्छीमायाँले नयाँ कीर्तिमानीसहित तेस्रोपटक उपाधि जितेकी हुन् । सोही दौडको पुरुषतर्फको उपाधि भने अनिश थापामगर जिते । पर्वतका २४ वर्षीय अनिशले पनि नयाँ रेकर्डमा दूरी पूरा गरे ।

उनले निर्धारित दूरी एक घन्टा सात मिनेट ४७ सेकेन्डमा पूरा गरे । एकमहिने बिदामा रहेका भारतीय सेनाका जागिरे अनिशले नेपाली सेनाका हरिकुमार रिमालले अघिल्लो संस्करणमा राखेको एक घन्टा ८ मिनेट ३५ सेकेन्ड समयलाई तोडे । सो स्पर्धामा सेनाका राजन खत्री दोस्रो तथा एपिएफका गोपीचन्द्र पार्की तेस्रो भए । राजनले निर्धारित दूरी एक घन्टा आठ मिनेट एक सेकेन्ड तथा गोपीचन्द्रले एक घन्टा ९ मिनेट सात सेकेन्डमा पूरा गरे । हरि रिमाल भने पाँचौं भए ।

साबिक विजेता कान्छीमायाँले भने निर्धारित दूरी एक घन्टा २४ मिनेट ४७ सेकेन्डमा पूरा गर्दै आफ्नै पुरानो रेकर्डलाई भंग गरिन् । महिलातर्फको स्पर्धामा दोस्रो संस्करणकी विजेता वृन्दा श्रेष्ठ देसार दोस्रो भइन् भने कृष्णेश्वरी सिन्तकला तेस्रो भइन् । वृन्दाले निर्धारित दूरी एक घन्टा २६ मिनेट दुई सेकेन्ड तथा कृष्णेश्वरीले एक घन्टा ३३ मिनेट १६ सेकेन्डमा पूरा गरे ।

कान्तिपुर पब्लिकेसनको २१औं वार्षिकोत्सवका अवसरमा आयोजित दौडको दुवै विजेता खेलाडीले उपाधिसहित ५०-५० रुपैयाँ हजार प्राप्त गरे । यस्तै नयाँ रेकर्ड काम गरेबापत उनीहरूले थप २५-२५ हजार प्राप्त गरे । आयोजकले महिला र पुरुषतर्फका विजेता तथा उपविजेतालाई समान पुरस्कार राशि उपलब्ध गराएको छ ।

ह्विलचेयरको महिलातर्फको दौडमा ज्योति अर्याल पहिलो भइन् । उनले निर्धारित दूरी १० मिनेट ४७ सेकेन्डमा पूरा गरिन् । यस्तै लाली तामाङ दोस्रो तथा सोनिका ढकाल तेस्रो भइन् । पुरुषतर्फ भने ८ मिनेट २२ सेकेन्डमा दूरी पूरा गर्दै कृष्णराज चौधरी पहिलो भए । भरत अधिकारी दोस्रो तथा नरबहादुर ढकाल तेस्रो भए । कर्पोरेट तथा मिडियातर्फ पाँच किलोमिटर दौडमा दामोदर बुढामगर पहिलो भए भने शेरबहादुर थारु दोस्रो तथा सुरेन्द्र महर्जन तेस्रो भए ।

### बार्सिलोना र पिएसजी विजयी

लन्डन । च्याम्पियन्स लिगको मंगलबार राति सम्पन्न प्रिक्वाटरफाइनलको पहिलो लेगमा बार्सिलोनाले म्यानचेस्टर सिटीलाई २-० ले पराजित गरेको छ । बार्सिलोनाको जितमा लियोनल मेसी र ड्यानी अल्भासले एक-एक गोल गरेका थिए । सिटीको घरेलु मैदान एतिहाडमा प्राप्त जितसँगै बार्सिलोनाले क्वाटरफाइनलमा पुग्ने बलियो आधार बनाएको छ । बार्सिलोनालाई अवे गोलको फाइदा हुनेछ ।

मध्यान्तरपछि मार्टिन डेमिकलिस रातो कार्ड बेहोर्दै मैदानबाट बाहिरिएपछि सिटी दश खेलाडीमा सीमित भएको थियो । मार्टिनले डिबक्सभित्र बार्सिलोनाका मेसीलाई ट्र्याकल गरेपछि रातो कार्ड पाएका हुन् । मध्यान्तरअघि बार्सिलोनाले सिटीमाथि एकपक्षीय दबाब राखे पनि कुनै गोल गर्न सकेन । पहिलो हाफमा बार्सिलोनाले ६५ प्रतिशत आफ्नो पक्षमा बल पोजिसन बनाएको थियो । खेलको ५४औं मिनेटमा बार्सिलोना पेनाल्टी गोलसँगै १-० ले अघि रह्यो । मार्टिनले मेसीलाई लडाएपछि बार्सिलोनाले पेनाल्टी प्राप्त गरेको हो । मेसीले गल्ती नगरी सहजै गोलमा परिणत गरे । चालू च्याम्पियन्स लिगमा मेसीको यो सातौं गोल हो ।

सिटीले बारम्बार बराबरी गोल फर्काउने प्रयास गऱ्यो । सिटीले बार्सिलोनाविरुद्ध काउन्टर एट्याक्टको रणनीति बनाएको थियो । तर, खेलको अन्तिम समयमा अल्भासले सिटीको पोस्टमा गोल गर्दै बार्सिलोनालाई पहिलो लेगमा २-० को जित दिलाए । दुवै टोलीबीच १३ मार्चमा बार्सिलोनाको घरेलु क्याम्प नोउमा दोस्रो लेग हुनेछ । सिटी अन्तिम आठमा पुग्न बार्सिलोनाविरुद्ध कम्तीमा ३-० को जित निकाल्नुपर्छ ।

यसैगरी जाल्टान इब्राहिमोभिकको दुई गोलको सहयोगमा फ्रान्सको पेरिस सेन्ट जर्मेन (पिएसजी)ले जर्मनी क्लब बायर्न लिभरकुसेनलाई ४-० ले हराउँदै च्याम्पियन्स लिगको क्वाटरफाइनल पुग्ने आधार बलियो पारेको छ । लेभरकुसेनले घरेलु मैदानमा लगातार तेस्रो हार बेहोरेको छ । पिएसजीका लेफ विंगर ब्लासिस माटुदीले टोलीलाई १-० को अग्रता दिलाएका थिए । त्यसपछि इब्राहिमोभिकले दुई गोल गर्दा पिएसजी ३-० ले अघि रह्यो । मध्यान्तरपछि विस्थापन्न खेलाडी योहान काबायेले चौथो गोल गरे । इब्राहिमोभिकले चालू च्याम्पियन्स लिगमा सर्वाधिक गोलकर्ता सूचीमा आफूलाई उभ्याएका छन् । उनले च्याम्पियन्स लिगमा दश गोल संख्या पुऱ्याए । यसअघि रियल म्याड्रिडका क्रिस्टियानो रोनाल्डोले नौ गोल गरेका थिए ।

### शिवसुन्दर र काजोल च्याम्पियन

काठमाडौं । छैटौं ग्यालेक्सी राष्ट्रिय खुला टेबलटेनिस प्रतियोगिताअन्तर्गत पुरुष एकलतर्फ एपिएफका शिवसुन्दर गोथेले उपाधि जितेका छन् । यस्तै महिला एकलतर्फ कास्कीकी काजोल रौनियारले उपाधि जितिन् । लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा बुधबार भएको फाइनलमा शिवले नेपाल पुलिसका अमरलाल मल्ललाई ११-८, १२-१०, ९-११, ११-६, ९-११ र ११-८ ले पराजित गरे । एपिएफका चन्दन शाही र पुलिसका प्रदीप रोका संयुक्त रुपमा तेस्रो भए ।

यस्तै महिलातर्फको उपाधिका लागि काजोलले पुलिसकी रविना देसारलाई ११-८, ११-७, १२-१४, ११-८ र ११-७ ले पाखा लगाइन् । एपिएफकी रबिना महर्जन र पुलिसकी एरिका महर्जन तेस्रो भए । खुलातर्फ दुवै समूहका विजेता खेलाडीले समान १५ हजार, दोस्रो हुनेले १० हजार र तेस्रो हुनेले ५-५ हजार प्राप्त गरे । प्राइमका प्रदीप रोका र एलिना महर्जनको जोडी कलेजतर्फ मिक्स डबल्समा पहिलो भयो । फाइनलमा सो जोडीले प्राइमकै विनेश खनियाँ र सुनिता लामाको जोडीलाई ११-७, ११-९, ८-११ र ११-९ ले पराजित गरेको थियो ।

## /Elg va/

### धुवाँको धागो सार्वजनिक

काठमाडौं । युवाकवि नीरज भट्टराईको 'धुवाँको धागो' कवितासंग्रह सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रममा साहित्यकार डा. अभि सुवेदीले कृति सार्वजनिक गरेका हुन् ।



नयाँ पुस्ताका कविहरु फरक शैलीको कवितासहित आइरहेको बताउँदै सुवेदीले नीरजका कविताले फरक बाटो हिँड्ने संकेत गरेको टिप्पणी गरे । उनले भने, 'उनका प्रायः सबैजसो कवितामा सूक्ष्म नाटकीय घटनाक्रमका परिकल्पना पाइन्छन्, यसले अबका दिनमा कविबाट अझ उच्चकोटिको कविता आउने छनक दिएको छ ।' संग्रहमाथि टिप्पणी गर्दै समालोचक तथा कवि विप्लव ढकालले मूलधार भनिने चलनचल्तीका नेपाली कविताभन्दा नीरजका कविता वैकल्पिक धार निर्माण गर्दै शक्तिका साथ आएको बताए । कार्यक्रममा साहित्यकार ज्ञानुवाकर पौडेल, विष्णुविभु घिमिरे, चन्द्र गुरुङलगायत सर्जकले कवि र कवितामाथि टिप्पणी गरेका थिए ।

नीरजले कविता लेखनमा मौलिकतालाई ध्यान दिएको दाबी गरे । पेसाले चिकित्सक उनले भने, 'सामान्यतया कुनै व्यक्ति वा सिद्धान्तसँगको लामो संगतले मौलिकता हराउने भए पनि साहित्य मात्र त्यस्तो अपवाद रहेछ, जसमा जतिसुकै डुब्दै जाँदा मौलिकता झन् बढ्दै जान्छ ।' ऋतुरंग फाउन्डेसन नेपालले प्रकाशनमा ल्याएको संग्रहमा ४५ वटा कविता छन् । जसमा कविताको अंग्रेजी अनुवाद पनि छ । अनुवाद बलराम अधिकारीले गरेका हुन् ।

### मनीषाको 'ह्वाइट केन'

लेखिका मनीषा गौचनको उपन्यास 'ह्वाइट केन' साङ्ग्रिला बुक्सले बजारमा ल्याएको छ । ह्वाइट केन दृष्टिविहीन पात्रको मस्तिष्कले महसुस गरेको कथा भएको विज्ञप्तिमार्फत प्रकाशकले जनाएको छ । उपन्यासमा दृष्टिविहीन पात्रको प्रेम, संघर्ष र जीवनको कथा समेटिएको छ । विज्ञप्तिअनुसार 'ह्वाइट केन'ले नेपाली समाजमा महिलाले भोग्ने गरेका पीडा, युद्धको असर, परिवर्तनको भोक र स्वतन्त्रताको चाहनालाई अभिव्यक्त गरेको छ । दृष्टिविहीन पात्रलाई लक्षित गरी 'ह्वाइट केन'को अडियो बुक छिटै सार्वजनिक गरिने प्रकाशन संस्थाका मणि शर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । 'ह्वाइट केन' मनीषाको दोस्रो उपन्यास हो । उनको उपन्यास 'वल्लीको डायरी' प्रकाशित भइसकेको छ ।

### जेकेको खुड्किलो

जनक खकुरेल (जेके मास्टर) को निर्देशनमा बनेको दोस्रो फिल्म 'खुड्किलो' चैत २१ देखि प्रदर्शन हुने भएको छ । यसअघि 'सम्झिदिए पुग्छ' फिल्म निर्देशन गरेका जनकको खुड्किलो देशभरका हलमा एकसाथ प्रदर्शन हुनेछ ।



युवापुस्ताको सोच र जीवनशैलीलाई प्रमुख विषय बनाइएको खुड्किलोमा दिवास्वप्न खराब बानी हो भन्ने सन्देश प्रस्तुत गरिएको निर्देशक बताउँछन् । सिल्क रूट मल्टिप्रपोज प्रालिको प्रस्तुतिमा बलबहादुर श्रेष्ठ र सुनील ढकाल निर्माता रहेको फिल्मको स्क्रिप्ट शेखर ज्ञवालीले लेखेका हुन् ।

विशेषगरी प्लस टुका विद्यार्थीको लाइफस्टाइलमाथि केन्द्रित फिल्ममा ऋचासिंह ठकुरी, सुरजसिंह ठकुरी र किरण लाकौल प्रमुख भूमिकामा छन् । सौरभ लामाले खिचेको फिल्मको वितरण सुनील मानन्धरले गर्दै छन् । यसपालि मनोरञ्जनका साथै सन्देशप्रधान फिल्म बनाएकाले आफू निकै आशावादी भएको निर्देशक खकुरेल बताउँछन् । राजेश खोतेजा सहनिर्माता रहेको फिल्ममा मदन गोपालको संगीत, प्रदीप श्रेष्ठको नृत्य र एसके महर्जनको द्वन्द्व निर्देशन छ । फिल्म रोशन लामिछानेले एडिट गरेका हुन् ।



### बिहे गर्दै रेजिना

केही समयदेखि चलचित्रबाट टाढा रहेकी नायिका रेजिना उप्रेतीले बिहे गर्ने भएकी छन् । लन्डनमा बस्ने प्रेमी सुरज पोखरेलसित उनको फागुन १० गते लगनगाँठो कसिने पक्कापक्की भएको हो । उनीहरु केही समयदेखि प्रेममा थिए ।

आफैँले निर्माण गरेको फिल्म 'वरदान' असफल भएपछि रेजिना फिल्मबाट टाढिएकी छिन् । वरदानको विशेष प्रदर्शनी गर्न भन्दै सुरजको सहयोगमा लन्डन हानिएकी उनी उतै बसेकी थिइन् । अहिले बिहेका लागि दुवैजना नेपाल आइसकेका छन् । बिहेमा रेजिनाले चलचित्र क्षेत्रका थुप्रैलाई निम्तोकार्डसमेत पठाइसकेकी छिन् ।

### दर्शक हसाउने झोले

कृष्ण धरावासीको कथामा आधारित फिल्म 'झोला'को चर्चा अझै मत्थर भइसकेको छैन । लगभग उस्तै नामको अर्को फिल्म प्रदर्शनका लागि तम्तयार छ, 'झोले' । केवल एउटा एकारले छुट्याएको छ, यी दुई फिल्मका नामलाई । उस्तै नामले थुप्रै दर्शकलाई अन्योलमा पारेको देखिन्छ ।




नाम मिले पनि दुवै फिल्मको विषयवस्तुमा भने आकाश-जमिन फरक छ । झोलेले सती प्रथाको ऐतिहासिक कथावस्तुलाई उठान गरेको थियो । पतिको मृत्युपछि पत्नीले सती जानुपर्ने बाध्यात्मक व्यवस्थालाई मर्मस्पर्शी ढंगमा प्रस्तुत गरेर फिल्मले दर्शकको आँखामा आँसु ल्याउन सफल भएको थियो । जब कि झोले एउटा विशुद्ध कमेडी फिल्म हो । निर्माण पक्षले यसलाई 'डार्क कमेडी' बताएका छन् ।

झोलेका निर्देशक दीपेन्द्र के. खनालले नाम मिलेको विषयलाई ठूलो टाउको दुखाइका रूपमा लिएका छैनन् । उनी भन्छन्, 'झोला र झोलेको लक्षित दर्शक नै छुट्टै छन्, त्यसैले खासै समस्या नआउला ।' खनालका अनुसार झोलेले विदेश गएर मनग्गे पैसा कमाउने सपना पालेको एउटा लठुवा युवकको कथा बोकेको छ ।

चपली हाइटबाट चर्चा कमाएका निर्देशकको यो पाँचौं फिल्म हो । पहिलोपटक कमेडीमा 'ट्राई' गरेकाले उनी फिल्मको सम्भाव्य प्रतिक्रियाप्रति निकै कौतूहल छ । 'हरेक फिल्ममा केही फरक गरौं भन्ने चाहना हुन्छ,' उनले नयाँ पत्रिकासित भने, 'देशमा केवल निराशा मात्र बढिरहेका वेला मानिस हाँस्न चाहेर पनि सकिरहेका हुँदैनन् । त्यसैले केही बेरका लागि भए पनि जनताको अनुहारमा हाँसो ल्याउनु नै यो फिल्मको उद्देश्य हो ।'

झोलेले दयाहाङ राईलाई पहिलोपटक लिड रोलमा उतारेको छ । यद्यपि, उनी आफूलाई फिल्मको 'हिरो' भन्न रूचाउँदैनन् । 'म एउटा अभिनेता हुँ, फिल्ममा मेरो मुख्य भूमिका छ,' उनले भने । पहिलोपटक मुख्य पात्र भएर अभिनय गर्दा निकै उत्साहित छन् राई । यसअघि उनी 'लोफर'मा नायक आर्यन सिग्देलको समानान्तर भूमिकामा थिए । कथाको मागअनुसार दयाहाङलाई छनोट गरेको निर्देशक खनाल बताउँछन् । 'कथाले मागेको चरित्र दयाहाङजति फिट अरु कोही हुन सक्दैनथे,' उनको दाबी छ ।

## skf/6

### ग्लोबल आइएमई बैंक पाँचथरमा

काठमाडौं । ग्लोबल आइएमई बैंकले पाँचथरको फिदिम बजारमा एक्सटेन्सन काउन्टरको सुरुवात गरेको छ । उक्त काउन्टरको प्रमुख जिल्ला अधिकारी पाँचथरका कोषहरि निरौलाले उद्घाटन गरेको सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

फिदिम बजारलाई केन्द्रबिन्दु बनाएर सञ्चालन गरिएको काउन्टरले फिदिम बजारलगायत मेमेङ, च्यामापु, सिवा, चोकमागलगायतका गाउँलेलाई सेवा प्रदान गर्नेछ । बैंकका बजार व्यवस्थापन एवं व्यापार प्रवर्द्धन विभाग प्रमुख शान्ता शिवाकोटीले फिदिम बजारमा एक्सटेन्सन काउन्टर सञ्चालन गर्नुको उद्देश्यबारे प्रकाश पारिन् ।

त्यसैगरी बैंकले ताप्लेजुङको खाम्लुङ गाविसमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । बैंकका बजार व्यवस्थापन एवं प्रवर्द्धन विभाग प्रमुख शान्ता शिवाकोटीले व्यावसायिक प्रतिनिधिलाई प्रमाणपत्र हस्तान्तरण गरी सेवा उद्घाटन गरेकी थिइन् । शाखारहित बैंकिङ सेवा सञ्चालनका लागि बैंकले स्थानीय व्यवसायी टंकप्रसाद खतिवडालाई प्रतिनिधि नियुक्त गरिएको जनाएको छ । तमोर नदी र मेवा खोला दोभानमा खोलिएको शाखारहित बैंकिङ सेवाले खाम्लुङ गाविससहित १७ गाविसका बासिन्दालाई बैंकिङ सेवा उपलब्ध गराउनेछ ।

### एपेक्सको शाखा इटहरी र वीरगञ्जमा

काठमाडौं । एपेक्स डेभलपमेन्ट बैंकले पर्साको वीरगञ्ज र सुनसरीको इटहरीमा शाखा सञ्चालनमा ल्याएको छ । शाखा विस्तारका क्रममा एपेक्स डेभलपमेन्ट बैंकले छिट्टै नै दैलेख र बुटवलमा आफ्नो शाखा विस्तार गर्ने सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भइसकेको हुँदा उक्त शाखा कार्यालयबाट चाँडै कारोबार सुरू हुने बैंकका अध्यक्ष टेकबहादुर भण्डारीले जानकारी दिए ।

बैंकले पोखराको लेखनाथ शाखाबाट एटिएम सेवासमेत छिट्टै सुचारू गरिने जनाएको छ । बैंकले एसएमएस बैंकिङ र इन्टरनेट बैंकिङको सुविधासमेत सञ्चालनमा ल्याउन लागेको विज्ञप्तिमा उल्लेख छ ।

### इटहरीमा सिद्धार्थ बैंकको शाखा

काठमाडौं । सिद्धार्थ बैंकले व्यापारिक केन्द्र इटहरीमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । इटहरीसहित बैंकका शाखा सञ्जाल ४३ पुगेका छन् । बैंक शाखा उद्घाटन संयुक्त रूपमा उद्योग वाणिज्य महासंघ अध्यक्ष सुरज वैद्य र निमित्त प्रमुख जिल्ला अधिकारी चण्डेश्वर पोखरेलले गरेका थिए । बैंकले आइतबार झापाको बिर्तामोडमा ४२औं शाखा स्थापना गरेको थियो । बैंकले चालू आवको दोस्रो त्रैमासिकमा ५४ करोड २० लाख रूपैयाँ सञ्चालन नाफा कमाएको छ ।

### काभ्रे महोत्सवमा १३ लाखको कारोबार

काभ्रे । मध्यमाञ्चलस्तरीय कृषि, प्रविधि तथा पशुजन्य काभ्रे महोत्सव-०७० मा १३ लाखको कारोबार भएको छ । महोत्सवका मुख्य आयोजक काभ्रे उद्योग संघका अध्यक्ष सुरकृष्ण वैद्यका अनुसार मंगलबार ३५ सयभन्दा बढी दर्शकले महोत्सव अवलोकन गरेका छन् । १ सय ६० स्टल रहेको महोत्सवमा मंगलबार एक गाउँ एक उत्पादनसम्बन्धी सेमिनार सञ्चालन गरिएको थियो ।

### सिभिलको शाखारहित बैंकिङ सेवा

काठमाडौं । सिभिल बैंकले पाँचथरको थर्पु गाविसमा शाखारहित बैंकिङ सेवा सुरू गरेको छ । सेवा उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत किशोर महर्जन र पाँचथर प्रहरी कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक दीपशमशेर राणाले संयुक्त रूपमा गरेका थिए । बैंकले ग्रामीण क्षेत्रका बासिन्दालाई बैंकिङ सेवा पुऱ्याउन भविष्यमा थप स्थानमा शाखारहित सेवा केन्द्र सञ्चालनको तयारी भइरहेको जनाएको छ ।

### मिथिलाको सेयर बाँडफाँड

काठमाडौं । मिथिला लघुवित्त विकास बैंकको सेयर आइतबार बाँडफाँड भएको छ । सेयर बिक्री प्रबन्धक सिभिल क्यापिटलका अनुसार ७५ हजार रकम (७५० कित्ता)भन्दा बढीको आवेदन दिनेलाई १.२३ प्रतिशतको दरमा सेयर वितरण गरिएको छ । ७५० कित्तासम्मका लागि आवेदन दिनेलाई लट्ठीबाट १० कित्ता दरले सेयर बाँडिएको सिभिल क्यापिटलले बताएको छ । बैंकले गत पुस अन्तिम साता ७० हजार ७ सय २५ कित्ता प्राथमिक सेयर निष्कासन गरेकामा ७६ गुणाभन्दा बढी आवेदन परेको थियो ।

प्राथमिक सेयर निष्कासनपछि बैंकको चुक्ता पुँजी २ करोड ३५ लाख ७५ हजार रूपैयाँ पुग्नेछ । बैंकले चालू आवमा ३४ लाख ५२ हजार रूपैयाँ खुद मुनाफा आर्जन गर्ने लक्ष्य राखेको छ । आव ०६९।७०मा बैंकले १९ लाख ३६ हजार रूपैयाँ खुद मुनाफा आर्जन गरेको थियो ।

### पुतलीसडकमा एनएमबीको शाखा

काठमाडौं । एनएमबी बैंकले पुतलीसडकमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । बैंकले दरबारमार्गस्थित शाखालाई पुतलीसडकमा स्थानान्तरण गरेको हो । बैंकले हाल मुलुकभर २६ शाखा, १ एक्सटेन्सन काउन्टर तथा ३० एटिएमबाट बैंकिङ कारोबार सञ्चालन गर्दै आएको छ ।

### इलाममा लक्ष्मी लघुवित्तको शाखा

काठमाडौं । लक्ष्मी बैंकको सहायक कम्पनी लक्ष्मी लघुवित्त वित्तीय संस्थाले इलामको नयाँबजारमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । नयाँबजारसहित बैंकका शाखा सञ्जाल १९ पुगेका छन् । संस्थाले यसअघि जिल्लामा एउटा शाखा विस्तार गरिसकेको छ । संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रकाशराज शर्माले शाखा उद्घाटन गरेका थिए ।

## कांग्रेस...

सहकार्यका लागि आन्तरिक दबाब समेत बढ्दै गएको छ । एमाओवादीलाई संविधान निर्माणमा सक्रिय बनाउनैका लागि एमालेसँग भएको सात बुँदे सहमतिमा असहमति जनाउने पक्ष समेत अहिले सक्रिय भएको छ । उता एमाओवादीले भने कांग्रेस एमालेबीच भएको सात बुँदे सहमतिलाई असंवैधानिक र अलोकतान्त्रिक भन्दै विरोध गरिरहेको अवस्थामा कांग्रेस एमाले गठवन्धन असफल भएको खण्डमा आफूहरू विकल्प दिन तयार रहेको उद्घोष गरिरहेको छ । एमाओवादीको ठहरमा पहिलो र दोस्रो ठूलो दल भएका दलहरू मिलेर सरकार निर्माण गर्ने कार्य विश्वमा कहीँ नभएको भन्दै त्यस्तो मिलनलाई अप्राकृतिक भएको बताउँदै आएको छ ।

कांग्रेसका शीर्ष नेताहरूले एमालेले गृह मन्त्रालय बाहेक नै सरकारमा सामेल हुन नचाहेको खण्डमा अन्य दलहरूसँग छलफल गर्ने निष्कर्ष निकालेको कांग्रेस सूत्रले दाबी गरेको छ । प्रधानमन्त्री सुशील कोइराला पनि अहिले दुई चार दिन पर्खने र हेर्ने पक्षमा पुगेको सूत्रले दाबी गरेको छ । एमालेसँग वार्ता नटुंगिएसम्म सरकार विस्तारकै लागि अन्य दलहरूसँग वार्ता गरिहाल्ने पक्षमा नेपाली कांग्रेस नरहेको एक नेताले बताएका छन् । उनका अनुसार एमालेले गृह मन्त्रालय नपाई सरकारमा सहभागिता नै नजनाउने निर्णय गर्नु राजनीतिक चरित्र नभएको कांग्रेसको बुझाई रहेको छ । वार्तामा बसेर सबै समस्याहरूको समाधान खोजिनु पर्नेमा एउटै विषयलाई लिएर वार्तामै नबस्ने उद्घोष गर्नु राजनीतिक चरित्र हुँदै होइन, कांग्रेसको बुझाइमा कांग्रेसका नेता एवम् सभासद् शेखर कोइरालाले अब एमालेको निर्णयपछि मात्र अन्य दलहरूसँग सरकारमा सहभागिताको बारेमा छलफल गरिने बताउँदै नेकपा एमालेलाई छिटो निर्णयमा पुग्न एक सार्वजनिक कार्यक्रममै आग्रह गरेका छन् ।

कांग्रेसका नेता एवम् सभासद् पूर्णबहादुर खड्काले पोखरामा पुगेर उद्घोष गरे- कांग्रेस-एमालेबीच भएको सात बुँदे सहमति र गठवन्धनलाई भत्काउन केही शक्ति लागेको बताए पनि त्यो शक्ति को हो भनेर प्रष्ट पारेका छैनन् । दलहरूबीच एकले अर्कोलाई विश्वास गर्न नसक्ने पुरानै प्रवृत्ति अहिले देखिएकोमा अरूलाई दोष लगाउनुको अर्थ छैन/देखिँदैन ।

## प्रचण्ड...

भएन । बचनमा चुकेको कांग्रेसले नेम्वाङलाई मतदिने निर्णय गऱ्यो । फागुन ६ गते प्रचण्डले हामी सबै असफल हौं, नेम्वाङ पनि असफल हुन् भनेर पछि हट्दा नेम्वाङ सभाध्यक्ष बने । प्रचण्डले कुरा बुझे, आफ्नो राजनीतिक तौल घटेछ ।

यो घटनाबाट प्रचण्ड वैद्यसँग एकीकृत हुने निष्कर्षमा पुगेको हुनुपर्छ । एकीकृत नहुने हो भने जेठमा हुने भनिएको स्थानीय निर्वाचनमा कांग्रेस, एमालेले गोरू चुटे झैं चुट्नेछन् भन्ने प्रचण्डले बुझिसके । विश्लेषकहरू भन्छन्, प्रचण्ड र वैद्य एकीकरणको निकट पुगिसकेका हुनाले गुमाएको शक्ति आर्जन गर्न उनीहरू एकीकृत भए भने आश्चर्य हुने छैन ।

## सबैलाई...

काम गरिरहेका छन् । २०६३ साल वैशाख ११ गते सेरेमोनियल भएपनि राजतन्त्र राख्ने सहमतिका साक्षी हुन्, करण सिंह । उनले आजसम्म त्यो सहमति छ भन्ने खुलासा गर्न सकेका छैनन् । बाघले घाँस खाँदैन बरू भोकै मर्छ । करण सिंह राजाका छोरा भएर पनि धोखेवाज निस्किए । उनलाई दिल्लीको सत्ताकरिडोर नै स्वर्ग भइरहेको छ ।

पक्कै हो, करण सिंह बेदान्ती हुन् । उनी ठूला ज्ञानी पनि हुन् । तर उनको ज्ञान, बेदान्त नेपालका सन्दर्भमा अराजकता, अशान्ति र रक्तपातको कारण बन्यो, बनिरहेका छन् । यसपटक नेपाल आएर पूर्वराजा, सत्तारूढ, विपक्षी, मधेशवादी सबका साखुल्ले बन्न भ्याए करण सिंह । यसको अर्थ सबैलाई निकट राखेर नचाउँदै छ भारत ।

## मधेसी...

कुनै निर्णय भने गर्न सकेको छैन । पार्टी एकीकरण गर्न भनेर तीनै दलले कार्यदल बनाएका थियो । कार्यदलले दिएको प्रतिवेदनमाथि तीनै दलका शीर्ष नेताहरूले आ-आफ्ना धारणा राखे पनि उनीहरूसमेत कुनै निर्णयमा पुग्न नसकेका हुनाले अहिले नै एकीकरण हुन नसक्ने निष्कर्षमा उनीहरू पुगेका छन् ।

तमोलोपा अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा पार्टी एकीकरण गर्न उपेन्द्र यादव सहमत भए पनि आफ्नै हैसियत बराबरमा सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई राख्न आफूलाई मान्य नहुने यादवले बताएपछि एकीकरण अवरूद्ध बनेको छ । यादवले पहिलो चरणमा तमलोपा र फोरमबीच एकीकरण गर्ने प्रस्ताव समेत पेश गरेका छन् । उपेन्द्र यादवल आफ्नो पार्टी भन्दा चार सिट कम भएको सद्भावनाका अध्यक्ष राजेन्द्र महतोलाई आफू समानको हैसियतमा राख्न नमानेपछि तीन पार्टी बीचको एकीकरण पनि भ्यागुताको धार्नी जस्तै भएको छ । तीन पार्टीले बनाएको कार्यदलले महन्थ ठाकुरको अध्यक्षतामा एकीकृत हुने पार्टीमा उपेन्द्र यादव र महतोलाई समान हैसियतमा राख्ने प्रस्ताव गरे पनि उपेन्द्र यादवले सो प्रस्तावलाई अस्वीकार गरिदिएका छन् । पहिलो संविधानसभाको चुनावमा तीनवटा मात्र मधेसवादी दलहरू चुनावमा सहभागी भएका र उनीहरूले त्यसबेला संसदमा राम्रो उपस्थिति देखाउन सफल भएकोमा मधेसवादी दलहरू सत्ता र पैसाको लागि विभाजित हुँदै दोस्रो संविधानसभामा आइपुग्दा १३ वटा दल बनेका छन् ।

अर्कोतर्फ विजयकुमार गच्छदारको नेतृत्वमा रहेको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकलेसमेत अन्य मधेसवादी पार्टी र गैर मधेसवादी पार्टीलाई एकीकरण गरेर चौथो ठूलो पार्टी बन्ने प्रयास गरे पनि गच्छदारको सत्तामोहलाई चिनेका अन्य दलहरूले अहिले गच्छदारको नेतृत्व स्वीकार गर्न नसकिने भन्दै गच्छदारको प्रस्तावलाई अस्वीकार गरिदिएका छन् । विजयकुमार गच्छदारले अन्य साना पार्टीहरूलाई एकीकरण गरेर सत्तामा भागवण्डा खोज्न सक्ने र सत्ताका लागि उनले पार्टी एकीकरण गर्न खोजेको भन्दै अन्य दलहरूले गच्छदारको प्रयासलाई असफल पारिदिएपछि गच्छदार अहिले पानी बिनाको माछा जस्तो भएका छन् । सत्ताका लागि विभाजित हुँदै आएका मधेसवादी दलहरूले अहिले मधेसी जनताको हितमा पार्टी एकीकरण गर्न लागिएको बताएता पनि उनीहरूको भित्री इच्छा भनेको सत्ताकै लागि हो । सत्तामा पुगेर आफ्नो स्वार्थ पूर्ति गर्नुबाहेक उनीहरूको अर्को उद्देश्य केही देखिँदैन- एक मधेसवादी नेताले बताए, लामो समयसम्म सत्तामा बसेका राजेन्द्र महतो, विजय गच्छदार लगायतका नेताले मधेसका लागि के गरे त ?

## वन सचिव...

सचिव जोशी एमाओवादी नजिकका मान्छिन् । उनी केही महिना अघिमात्र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट सरूवा भएर वन सचिवमा आएका हुन् । अहिले सचिव जोशीले एमाओवादी समर्थक भएकै कारण २४(घ) अन्तर्गत बढुवा भए पनि भूसंरक्षण अधिकृत भण्डारीलाई अर्को ठाउँमा पदस्थापन नगरेको सूत्रले बताएको छ । जबकि हालै बढुवा भएका अन्य सबै व्यक्तिलाई सचिव जोशीले पदस्थापन गरे पनि निज भण्डारीलाई अर्को ठाउँमा पदस्थापन नगर्नुको पछाडि राजनीतिक अभीष्ट र आर्थिक लेनदेन नै भएको सूत्रले दाबी गरेको छ ।

कँडेल भूसंरक्षण विभागको महानिर्देशक भएर विभागमा आएदेखि नै विभागमा गैरकानुनी काम हुने गरेको भएपनि त्यसलाई सचिव जोशीले आँखा चिम्लिएर समर्थन गर्ने गरेको र आ-आफ्ना मान्छेलाई राम्रो कमाइ हुने ठाउँमा राख्ने गरेको पछिल्लो उदाहरण हो - विष्णुबहादुर भण्डारीलाई अर्को ठाउँमा पदस्थापन नगर्नु । सामान्यतया २४(घ) अन्तर्गत बढुवा भएका कर्मचारीहरूलाई २४(घ) अन्तर्गत खाली ठाउँमा पठाइने गरेको भए पनि ठाउँ खाली हुँदाहुँदै भण्डारीलाई पदस्थापन नगर्नुको कारण आर्थिक र राजनीतिक नै भएको सूत्रले दाबी गरेको छ । उपसचिवको पदस्थापन र सरूवा गर्ने अधिकार सम्बन्धित सचिवलाई हुने गर्दछ तर सचिव नै दाहिने हात भएपछि वर्षौंसम्म एकै ठाउँमा बस्न पाइने र राम्रो कमाई गर्न पाइने हुनाले कर्मचारीहरू सचिवको चाकडीमा लिप्त रहने गरेका छन् । २४(घ) अन्तर्गत बढुवा भएका कर्मचारीहरू नियमित बढुवा हुने कर्मचारीहरूको रिक्त दरवन्दीमा जान पाउँदैनन् । त्यसैले २४(घ) अन्तर्गतकै रिक्त दरवन्दीमा पदस्थापन हुनुपर्दछ ।

## बोक्सी भन्नेलाई...

सरकारी क्षेत्रमा काम गर्ने व्यक्तिले त्यस्तो अपराध गरेको खण्डमा थप १० प्रतिशत सजाय हुने व्यवस्था गरिएको छ ।

प्रस्तावित मस्यौदामा बोक्सीको आरोपमा महिलालाई हिंसा गर्नेलाई गम्भीर अपराधका रूपमा व्याख्या गरिएको र प्रधानमन्त्री कार्यालयले कानुन मन्त्रालयको रायसमेत लिएको छ । मन्त्रिपरिषद् मार्फत मस्यौदा विधेयक प्रस्ताव अगाडि बढाइने भएको छ । मन्त्रिपरिषदले विधेयकलाई स्वीकृति समेत दिइसकेको छ । प्रस्तावित विधेयकमा पीडितको अवस्था हेरेर पीडकले नै सम्बन्धित महिलालाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरिएको छ । हाल प्रचलित कानुनमा यस्तो व्यवस्था छैन ।

हाल मुलुकभरमै महिलालाई बोक्सीको आरोप लगाउँदै कुटपिट गर्ने मलमूत्र खुवाउने जस्ता गम्भीर घटनाहरू घटिरहेको अवस्थामा विधेयक आउनु सकारात्मक पक्ष भए पनि कार्यान्वयन कस्तो हुन्छ, त्यसैमा कार्यान्वयनको भर पर्दछ । सो विधेयकले यस्ता क्रियाकलाप रोक्न अदालतले अन्तरिम आदेश र संरक्षणात्मक आदेश जारी समेत गर्न सक्ने व्यवस्थासमेत गरिएको छ ।

घरबार नभएका पीडित महिलालाई सरकारले नै विभिन्न १५ वटा जिल्लामा रहेका सुरक्षित गृहमा राखेर उपचार र कानुनी परामर्श दिने प्रस्ताव गरिएको हुनाले महिला हिंसामा कमी आउन सक्ने सम्भावना देखिएको छ । बोक्सीको आरोपमा महिलालाई यातना दिने विरूद्धको कानुन बनाउन सरकारलाई विभिन्न पक्षबाट दबाब पर्दै आएकोमा ढिलै भए पनि सरकारले दण्ड जरिवानासहितको विधेयक ल्याउनु स्वागतयोग्य रहेको छ । तर त्यति हुँदाहुँदै पनि विधेयकमा पुरूषलाई बोक्सो भनेमा वा बोक्सो भनेर कसैले आरोप लगाउँलदै कुटपिट गरेमा कस्तो कारबाही हुने भन्ने उल्लेख नहनुले विधेयकलाई अधुरो विधेयक स्वीकार गरिनुपर्दछ । अहिले पनि मुलुकभरमा पुरूषलाई बोक्सो भनेर कुटपिट गर्ने, मलमूत्र खुवाउने कार्य भइरहेको अवस्थामा महिलाको लागि मात्र विधेयक ल्याउनुले सरकारले भेदभाव नीतिलाई अंगालेको प्रष्ट रूपमै देखिएको छ । पुरूष र महिला भनेर भेदभाव गरिएको खण्डमा भोलि त्यो मुद्दा अदालतमा जाने र अदालतले समानताको हक सम्बन्धी भेदभावपूर्ण कानुन हटाउ भन्ने आदेश दिन सक्ने भएको हुनाले अहिले नै त्यसलाई सच्याउनु जरूरी रहेको छ ।

## बाघ मार्ने...

किन रतन्धो रोग लाग्यो अख्तियारलाई ? कतै बाघको छाला र गैंडाको खागको तातोले अख्तियारले न्याया अनुभव त गरेको होइन ? एक सिंगे गैंडा शून्य हुने अवस्था आएको स्रोतले बताएको छ ।

## करण...

यहाँ पारिवारिक कुरै छैन । भारतको 'राष्ट्रिय हित' को कुरा हो- नेपालमा गणतन्त्र आउनु पनि !! त्यस कारण एक त पुष्टि हुन नसक्ने कुरा !? दोस्रो फेरि उनकै पार्टी कांग्रेस (आई) नेपालमा 'हिन्दू राष्ट्र' कायम होस् भन्ने चाहन्न । नत्र यो मुलुक धर्म निरपेक्ष हुँदै हुँदैनथ्यो । त, मुलुकलाई 'हिन्दू राष्ट' कायम गराउन र पछि पुनः राजतन्त्रात्मक मुलुक बनाउन (पूर्व) राजाले यसरी भारतीय 'सहयोग' लिँदैछन् भन्ने आशयको भ्रम फिजाउने खालका समाचारहरूलाई तुरून्तै खण्डन गर्नु (पूर्व) राजाको सम्बन्धित सचिवालयको दायित्व हो । तर यो बारेमा 'सचिवालय' मौन बस्यो । कति खण्डन र स्पष्टीकरण दिइरहनु ? भन्ने होला !! तर होइन, मुलुकमा अस्थिरता र विदेशी हस्तक्षेपलाई निम्त्याउन (पूर्व) राजा सक्रिय छन् भन्ने सन्देश छर्न यस्ता खाले भ्रामक समाचारहरू पार्टीसँग सम्वद्ध पत्रपत्रिकाहरूले बेलाबखत दिइरहेका छन् । यस बारेमा चनाखो रहनु जरूरी छ । वास्तवमा करण सिंहको भ्रमण खासै केही होइन...... उनी आए र गत आइतबार उनी गए पनि । त्यति मात्र हो ।

# जनतालाई कुहिएको चामल

सुर्खेत । जापानबाट आएको १० हजार क्वीन्टल चामल नेपालगञ्जको गोदाममा थन्क्याएर खाद्य संस्थानले कुहिएको चामल पहाडी जिल्ला पठाउन थालेको छ । दैलेखदेखि बाजुरा-बझाङ-अछामतिर चामलको हाहाकार छ । रूकुम-रोल्पा-डोल्पामा पनि चामल पाइँदैन । ३० किलो चा मल किन्न तीन दिन हिँड्नुपर्ने समस्या पनि जनता भोगिरहेका छन् । त्यस्ता सोझा जनतालाई कुहिएको चामल र पुराना चामललाई रंग्याएर विक्री गर्न थालिएको छ ।

केही वर्षअघि पनि विश्व खाद्य संस्थानले कुहिएको खाद्य सामग्री पहाडमा वितरण गर्दा महामारी चलेको थियो । कति मरे, त्यसको जिम्मेवारी कसैले लिएन । अहिले खाद्य संस्थान त्यही गल्ती दोहोऱ्याउन थालेको छ । अख्तियारजी यता हेर्नु पर्दैन ?

# कर्णेलको कति लामो हनिमुन

काठमाडौं । नेपाली सेनाका कर्णेल कुमार लामा अझै बेलायतमै हल्लिरहेका छन् । महिनाको एक पटक अदालतमा हाजिर हुन जाने र बाँकी समय हनिमून मनाएर बस्ने, कुमार लामालाई रमाइलो छ । तर तलबभत्ता ठेलिरहेको नेपाली सेनाले ग्रीनकार्ड होल्डर कुमार लामालाई बर्खास्त गर्न सकेको छैन, किन ?

कुमार लामाले वाकिल राख्ने सुविधा मागेका छन् । बेलायतका वकिल बोल्दा शब्द शब्दको चार्ज लिने गर्छन् । जनयुद्धका बेलामा 'अमानवीयताको आरोप लागेका कर्णेल लामालाई फिर्ता ल्याउन नसक्ने नेपाली सेना नेपाल-बेलायतको २ सय वर्ष पुरानो सम्बन्धको धक्कु लगाइरहेको छ, यो फोस्रो धक्कुको के अर्थ ?

# हायर कमान्ड कोर्स अध्ययन अन्तिम तयारीमा

काठमाडौं । सेनामा पहिलेपटक सञ्चालन हुन लागेको 'हायर कमान्ड कोर्स' अध्ययन तयारी अन्तिममा पुगेको छ । सेनामा अहिले महासेनानीबाट सहायक रथीमा बढुवा हुन 'हायर कमान्ड कोर्स' अध्ययनलाई अनिवार्य सर्त बनाइएको छ । सैनिक प्रवक्ता जगदीशचन्द्र पोखरेलले 'हायर कमान्ड कोर्स' अध्ययनका लागि आवश्यक भौतिक पूर्वाधार, 'अध्ययन सेलेबल्स' तयार भइसकेको बताए । उनले भने, 'हायर कमान्ड कोर्स अध्ययनका लागि भौतिक पूर्वधार तयार भएका छन् । अध्ययन सेलेबल्स पनि बनिसकेका छन् । औपचारिक रूपमा अध्ययनकार्य यही वर्षबाटै सुरू हुनेछ ।' सेनाले 'हायर कमान्ड कोर्स' अध्ययनका लागि नगरकोटमा अध्ययन केन्द्र निर्माण गरिसकेको छ । भवन निर्माण तथा आवश्यक पूर्वाधारका लागि मात्रै सात करोड रूपैयाँ खर्च गरिसकिएको सेनाले बताएको छ । सेनामा कमान्ड कोर्स अध्ययनलाई एमफिल (पोस्ट ग्ग्राजुएट रिसर्च डिग्री)सरह मानिन्छ । सेनाको प्रिन्सिपल स्टाफ अफिसर (पिएसओ) मिटिङबाट पारित भएलगत्तै कमान्ड कोर्स अध्ययन थालिने प्रवक्ता पोखरेलले बताए । उनका अनुसार कोर्सको अध्ययन अवधि १२ साताको हुनेछ ।

कल इण्डिया...
मात्र रू. २.९० प्रति मिनेट
साथै कतार, साउदी अरेबिया, यु.ए.इ.,बहराइन र कुवेतमा फोन गर्दा अब मात्र रु १२ प्रति मिनेट।
फोन गर्ने तरिका
१४२४ + कन्ट्रिकोड + फोन नं.
थप जानकारीको लागि
नोटिसबोर्ड नं १६१८ ०७०७ ११११ मा डायल गरी सुन्न सक्नु हुनेछ । उल्लेखित महशुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन
नेपाल टेलिकम

दुई मात्र सन्तान, सुरक्षित भविष्यको आधार
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार